# वार्षिक प्रतिवेदन

(आ. ब. २०७२ । २०७३)

नेपाल कानून आयोग

बानेश्वर, काठमाडौ

भदौ, २०७३

(नेपालकानूनआयोग ऐन, २०६३ को दफा २२ बमोजिमतयार गरिएको)

# वार्षिक प्रतिवेदन

(आ. ब. २०७२ । २०७३)

## नेपाल कानून आयोग

## बानेश्वर, काठमाडौं

## भदौ, २०७३

# संक्षेपिकरण

आ.व. : आर्थिक वर्ष

आयोग : नेपाल कानून आयोग

ऐनः नेपाल कानून आयोग ऐन, २०६३

# प्राक्कथन

नेपालकानूनआयोग ऐन, २०६३ को दफा २२ मा नेपालकानूनआयोगले वर्ष भरिमा सम्पन्न गरेको कामकारवाहीको विवरण सहितको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेशगर्नुपर्ने व्यवस्था रहेको छ । सोहीप्रयोजनकालागिआर्थिक वर्ष २०७२।७३मा यस आयोगबाट सम्पादितकामकारवाहीको विवरण समावेश गरी प्रस्तुतवार्षिक प्रतिवेदनतयार गरिएको छ । प्रतिवेदनमामूलतः यस आयोगबाट सम्पादनभएकामुख्यमुख्यकाम, आयोगको गठन एवं संगठनात्मक स्वरुप, जनशक्ति, भौतिक संरचना, बित्तीयविवरण, भाविकार्यदिशा, समस्या र सुझावकाअलावाआयोगकाविभिन्नगतिविधीहरु समावेश गरिएका छन ।

कानूननिरन्तर परिमार्जन र सुधार भईनै रहने विषयहो । यसै तथ्यलाई विचार गरी यसआयोगलेपनि नेपालको कानूनतथान्यायका क्षेत्रकोअध्ययनतथा अनुसन्धानगर्दैकानूनतर्जुमागरिकानूनको सुधार र परिमार्जनलाई निरन्तरतादिन सम्बद्ध निकायलाई सुझावदिइरहेको छ । त्यसैगरी नयाँ ऐनकामसौदा तयार गर्ने, कानूनको संहिताकरण गर्ने, प्रचलितकानूनलाई समसामयिकबनाउने, प्रभावकारी रुपमाकार्यान्वयनयोग्यकानूनवनाउन संशोधनएवं परिमार्जन गर्ने, प्रचलित नेपालकानूनकोएकिकरण, पुनरावलोकनवाखारेज गर्ने सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने साथै यस आयोगको वेबसाइट मार्फत नेपालकानूनलगायतकाअन्य सामाग्रीको प्रकाशनगर्ने कार्य समेतगर्दैआइरहेको छ ।

माथिउल्लिखितकामकाअतिरिक्त यस आ.व.मावि.सं २०७२ सालमाप्रारम्भ भएको नेपालको संविधानकार्यान्वयनगर्ने सम्बन्धमाआवश्यक पर्ने विभिन्नकानूनको अध्ययन र तर्जुमाको कामलाई पहिलो प्राथमिकतामा राखेर गर्नु पर्नाको कारणले आयोगकानियमित रुपमागर्नुपर्ने गरिवार्षिककार्यक्रममातोकिएकाकतिपयअध्ययन, अनुसन्धान र तर्जुमालगायतकाकार्यलाई आगामीआ.व. मानिरन्तरतादिनुपर्ने अवस्था रहेको छ ।

कानूनको सुधार निरन्तर रुपमा सञ्चालनहुने एक प्रक्रियाहो ।कानूनकोनिरन्तर सुधार र परिमार्जन मार्फत नै यस्को परिष्कृत हुने हुँदान्याय र कानूनको क्षेत्रलाई आधुनिक, समसामयिक र सम्बृद्ध बनाउदै लैजाने उद्देश्यले यस आयोगको स्थापनाभएको देखिन्छ । तथापि यस आयोगको स्थायीभवननभएको, कार्यबोझअनुरुपजनशक्तिएवं स्रोत साधन सम्पन्नबनाउननसकिएको कारणले आयोगलाईआफ्नो लक्ष्यप्राप्तगर्न र ऐनले दिशानिर्देश गरेको उद्देश्यहासिलगर्नमाकेही कठिनाई भैरहेको छ ।

अन्त्यमा, प्रस्तुतप्रतिवेदनमा सरोकारवालाव्यक्ति, निकायएवं कानून र न्यायका क्षेत्रमा सम्वद्ध सबैलाई यस आयोगको बारेमाआधारभूतजानकारी हुने विश्वासका साथ यो प्रतिवेदनतयारी एवं प्रकाशनमा संलग्नसबैप्रतिआयोगहार्दिक आभार व्यक्तगर्दछ ।

**नेपाल कानून आयोग**

**भदौ, २०७३**

# बिषय सूची

## परिच्छेद - १

## आयोगको संक्षिप्त परिचय


| | | पृष्ठ |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | आयोगको विकासक्रम | २ |
| १.३ | संगठनात्मक स्वरुप | ४ |
| | १.३.१आयोगको गठन | ४ |
| | १.३.२ आयोगको संगठनात्मक स्वरुप | ५ |
| १.४ | आयोगको काम, कर्तव्य र अधिकार | ५ |
| १.५ | प्रतिवेदनअवधि | ७ |
| १.६ | आयोगमाउपलब्ध साधन स्रोत | ७ |
| | १.६.१ मानव स्रोत(जनशक्ति) | ७ |
| | १.६.१.१प्रशिक्षार्थीविद्यार्थी | ८ |
| | १.६.१.२विशेषज्ञ जनशक्ति | ८ |
| | १.६.२ भौतिक स्रोत | ९ |
| | १.६.२.१ सञ्चार | ९ |
| | १.६.२.२ पुस्तकालय | १० |
| | १.६.३ आयोगको वित्तीय स्थिति | १० |


## परिच्छेद - २

## कानून सुधारमाआयोगको भूमिका


| | | |
|---|---|---|
| २.१ | कानूनको संशोधनमा सरकारलाई सुझाव | १२ |
| २.२ | कानूननिर्माणमा एकरुपताकायमगर्ने प्रयास | १३ |
| २.३ | कानूनतर्जुमा | १३ |


## परिच्छेद -३

## आ.व. २०७२।०७३ कोकार्यप्रगति


| | | |
|---|---|---|
| ३.१ | विधेयकतर्जुमा | १५ |
| | ३.१.१ प्रशासकीयअधिकारीले मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने | |

कार्यविधिका सम्बन्धमाव्यवस्थागर्न बनेको विधेयक १५
३.१.२ महाअभियोग सम्बन्धीकानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक १५
३.१.३ ज्येष्ठ नागरिक सम्बन्धी ऐनलाई संशोधनगर्न बनेको विधेयक १६
३.१.४ विज्ञापन नियमनगर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको विधेयक १६
३.२ तर्जुमाको क्रममा रहेकाविधेयकहरु १७
३.३ अन्तरक्रियागोष्ठीएवं अध्ययनप्रतिवेदन १७
३.४ इन्टर्नसिपकार्यक्रम सञ्चालन १८
३.५ आयोगको वेवसाइट अद्यावद्यिक १८
३.६ आयोगद्वारा थालनीभई कार्य सम्पन्न भैनसकेकाकार्य १९

## परिच्छेद - ४

## आगामीवर्षकाकार्यक्रम

४.१. बार्षिक कार्यक्रम २०
४.१.१. बिधेयकतर्जुमा २०
४.१.२. गोष्ठी तथाअन्तर्रक्रिया २०
४.१.३. अवधारणापत्र २१
४.१.४. अध्ययनप्रतिबेदन २१
४.१.५. अध्ययन अनुसन्धान २१
४.१.६. वेवसाइट व्यवस्थापन २१
४.१.७अन्य २२

## परिच्छेद - ५

## समस्यातथासुझाव

५.१.समस्यातथा सुझाव २३
अनुसुचीहरु

# परिच्छेद - एक

## आयोगको संक्षिप्त परिचय

### १.१ पृष्ठभूमि :

विधिको शासन भएको मूलुकमा राज्य सञ्चालनको मूल आधार कानून हो । समाजशास्त्रीय नियम अनुसार जहाँ मानव समाज हुन्छ, त्यहाँ शान्तिपूर्वक मिलेर बस्न सामाजिक कानून पनि रहेको हुन्छ । समाजमा शान्ति सु-व्यवस्था कायम गर्न, नियमन एवम् नियन्त्रण गर्न र राज्य सञ्चालन गर्न कानूनको आवश्यकता पर्दछ । कानून सामाजिक संरचनाको प्रतिविम्व समेत हो भने कानूनी शासनको मूल आधार पनि हो । राज्यमा कानूनी शासन कायम हुन कानून स्वच्छ, निष्पक्ष र सद्विवेकमा आधारित हुनुपर्दछ । लोकतान्त्रिक व्यवस्थामा जुनसुकै विवादको समाधान कानूनको मद्धतबाट गरिन्छ । यस कार्यमा कानूनलाई विवादको शान्तिपूर्ण समाधानको माध्यम मान्न सकिन्छ । गतिशील समाजमा शताव्दीऔ पुरानो कानूनले वर्तमानको आवश्यकता पूरा गर्न नसक्ने हुदा समाजको चाहाना अनुसार कानूनमा सुधार गर्नुपर्ने हुन्छ । भनिन्छ, समाज कानूनभन्दा चाडो परिवर्तन हुन्छ (Society changes faster than law) कुनै समय, सिमा, परिवेश र मान्यताका आधारमा बनेका कानूनहरु पनि परिवर्तन र विकासको गतिसंगसंगै मेल नखाने हुन सक्छ तसर्थ, समाजको आवश्यकता र परिवर्तनको गतिसंगै कानूनमा पनि परिमार्जन, सुधार एवं प्रवर्द्धन गर्दै जानुपर्ने हुन्छ । परिवर्तित समाजसंग तादाम्यता कायम गर्न विधायिकाबाट बनेको कानूनको कार्यान्वयनको अवस्था कस्तो छ ? कानून त्यस्तो समाज र राष्ट्रको आवश्यकता बमोजिम बनेको छ, छैन ?भनी निरन्तररुपमा अध्ययन, अनुसन्धान र विश्लेषण (Socio Legal Research) गरी वास्तविक यथार्थका आधारमा विधिशास्त्रका नविनतम् अवधारणा समेतलाई समेट्दै समाजको आवश्यकता पूर्ति गर्न कानूनमा निरन्तर सुधार र परिमार्जन गर्नु पर्ने हुन्छ ।

त्यसैगरी वर्तमान समयमा संविधानवादको सिद्धान्त, विश्वव्यापी रुपमा प्रतिपादन भएका कानूनका नविनतम् अवधारणा, सिद्धान्त र सर्वोत्तम अभ्यास (Good practices), अदालतले प्रतिपादन गरेका सिद्धान्त तथा मूलुकले अंगिकार गरेको शासकीय सुधारका योजनासंग जोडेर हेर्दा पनि कानूनको नियमित सुधार तथा परिमार्जन अपरिहार्य छ । यसबाट नै एक्काइसौं शताव्दी अनुकूल हुने नेपाल कानून र कानूनी प्रणालीलाई आधुनिक, सम्वृद्ध एवं समुन्नत बनाउदै लान सकिन्छ ।

विद्यमान कानूनमा परिमार्जन, सुधार र परिस्कृत गरी समाज र राष्ट्रको आवश्यकता अनुसार समय सापेक्ष कानून बनाउने उद्देश्यले विश्वका विभिन्न मूलुकमा कानून आयोगको गठन गर्ने गरेको

पाइन्छ । सार्क मुलुकमध्ये भारत, पाकिस्तान, श्रीलंका, बंगलादेशमा कानून आयोगको गठन भएको पाईन्छ भने अन्य मूलुकमा बेलायत, क्यानडा, अमेरिका, न्युजिलैण्ड, आयरलैण्ड, तान्जानिया लगायतका मूलुकहरुमा समेत कानून आयोगको गठन भएको देखिन्छ । नेपालको सन्दर्भमा कानूनको मसौदा तर्जुमा, भईरहेको कानूनलाई समयसापेक्ष संशोधन, परिमार्जन, पुनरावलोकन र संहिताकरण समेतको काम गर्नको लागि नेपाल कानून आयोग ऐन, २०६३ वमोजिम नेपाल सरकारको एक विशिष्टीकृत निकायको रुपमा नेपाल कानून आयोग गठन हुने व्यवस्था रहेको छ ।

## १.२ आयोगको विकासक्रम : संक्षिप्त सिंहावलोकन :

कानूनको सुधार तथा परिमार्जन गर्ने कार्य प्राचीन कालदेखि नै हुँदै आएको देखिन्छ । नेपालको इतिहासको सबैभन्दा प्राचीनकाल किराँतकालमा देशको शासन विधान किरात समुदायको पवित्र ग्रन्थ, जसलाई “किरात मुन्धुम” भनिन्छ द्धारा सञ्चालित थियो भने लिच्छवि कालमा विभिन्न धर्मशास्त्रहरु अनुसार न्याय प्रशासन सञ्चालन हुने गरेको र धर्मशास्त्रले नसमेटेका विषयमा “राजाज्ञा”, “सनद” जारी गर्ने गरेको पाइन्छ । सोही कालमा अंशुवर्माले धर्मशास्त्रका विभिन्न विषयमा विद्धानहरुसँग छलफल गरी “लोक व्यवहार” लाई हेरी कानून बनाउन गरेको इतिहास पाइन्छ । मल्लकालमा जयस्थिति मल्लले तत्कालीन सामाजिक अवस्थालाई विचार गरी नयाँ कानूनी व्यवस्था गर्न “विद्धान्हरुको समिति” बनाएका थिए । कानूनका विद्धानहरुको सहायता लिई चार वटा मुख्य कानून गृह निर्णय, क्षेत्र निर्णय, जात निर्णय र मानव न्याय शास्त्र बनाई जारी गरको पाइन्छ । त्यसैगरी, शाहकालीन राजा राम शाहले विभिन्न कानूनी सुधार गरी त्यस बेलाको न्याय र कानूनलाई उदार र समयानुकूल कानूनी सुधार गरेका कारणले नै “न्याय नपाए गोरखा जानु” भन्ने लोकोक्ति नै चलेको पाईन्छ । राणा शासनकालमा जंगबहादुर राणाले पनि १९१० सालमा “मुलुकी ऐन ” बनाउँदा कानून आयोगको रुपमा “कौशल अड्डा” गठन गरी २१० जना पदाधिकारीद्धारा मसौदा बनाउन निर्देशन गरेको इतिहास पाइन्छ ।

वि.सं २००७ सालको परिवर्तन पछि नेपालको शासन व्यवस्थामा नयाँ युग प्रारम्भ भएको मानिन्छ । त्यसपछि विभिन्न समयमा देहाय वमोजिमका कानून आयोगहरु गठन गरिएको पाइन्छ :-

(१) वि.सं २००९ को बुच कमिशनले सर्वप्रथम कानून आयोगको गठन गर्न सिफारिस गरेको देखिन्छ । सो आयोगले नेपालको अन्तरिम शासन विधान, २००७ मा रहेका राज्यका निर्देशक सिद्धान्तसंग बाझिएका प्रचलित नेपाल, कानून, ऐन, सनद, सवाल लगायत कानूनको अध्ययन गरी निर्देशक सिद्धान्तसंग अनुकूल हुनेगरी कानून बनाउने, छरिएर रहेका

कानूनी दस्तावेजलाई एकत्रित गरी संहिताकरण गर्ने र नयाँ ऐनका मसौदा तयार गरी सुझाव सिफारिस गर्ने गरी काम, कर्तव्य, अधिकार तोकेर मन्त्रिमण्डलको निर्णय बमोजिम पहिलो पटक मिति २०१०।९।६ मा "ल कमिशन" गठन भएको पाइन्छ । सो निर्णयमा आयोगमा एक जना अध्यक्ष र छ जना सदस्यहरु तोकिएको थियो भने देवानी विषयको ऐन सवाल, सनद, फौजदारी विषयको ऐन, सवाल, सनद र स्रेस्ता सम्बन्धी ऐन सवाल सनद गरी तीनवटा शाखा समेत तोकिएको थियो ।

(२) त्यसपछि, मिति २०१७।७।१५ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दोस्रो कानून आयोग गठन भएको थियो ।

(३) तेस्रो पटक मिति २०२०/१०/८ को निर्णयबाट २०२०/१२/१० मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस कानून आयोगको गठन तथा स्थापना भएको थियो र त्यसपछि पनि पटक पटक म्याद थप हुँदै २०२७ सालसम्म यस आयोगले कानूनका क्षेत्रमा अध्ययन, अनुसन्धान, कानून तर्जुमा, संशोधन, संहिताकरण लगायतको काम गर्ने गरी जिम्मेवारी तोकेको पाइन्छ ।

(४) यसैक्रममा चौथो पटक मिति २०२९/२/१९ मा गठन भएको कानून आयोग मिति २०३३/११/२३ सम्म कार्यरत रहेको देखिन्छ ।

(५) नेपाल कानून सुधार आयोगको नामबाट मिति २०३६/८/२६ मा पाँचौ पटक आयोग गठन भई मिति २०४१/८/२० सम्म कार्यरत रहेको देखिन्छ ।

(६) त्यसैगरी तत्कालिन श्री ५ को सरकारको मिति २०४१/८/२१ को निर्णयबाट छैठौं पटक नेपाल कानून सुधार आयोग, २०४१ गठन भई २०५७/१/१९सम्म कार्यरत रहेको देखिन्छ । यसरी कानून आयोग विभिन्न नाममा कार्यकारिणीको निर्णयबाट गठन हुदै आए तापनि छुट्टै कानून र त्यसबाट व्यवस्था भएको अधिकारको अभावमा नै आयोगहरु कार्यरत रहेका थिए भन्नुमा अतिशयोक्ति हुने छैन ।

(७) नेपाल कानून आयोग ऐन, २०६३ लागू भए पश्चात प्रथम पटक कानून प्रदत्त अधिकारबाट आयोगको गठन हुने व्यवस्था रहेको छ । ऐनको दफा ४ वमोजिम आयोगको गठन हुने र दफा १० र २१ बमोजिम आयोगको काम, कर्तव्य, अधिकार सम्बन्धी व्यवस्था रहेको हुँदा आयोगको आफ्नो कार्यक्षेत्र तथा अधिकारका सम्बन्धमा अघिल्ला आयोगहरूभन्दा बढी स्पष्ट

र अधिकार सम्पन्न रुपमा रहेको पाइन्छ । विगतका कार्यकारी निर्णय वा आदेशबाट गठन हुने अभ्यासको अन्त्य भई नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम आयोग एक कानूनी निकाय (Statutory Body) को रुपमा रहने व्यवस्था प्रारम्भ भएको छ ।

## १.३ आयोगको गठन र संगठनात्मक स्वरुप

### १.३.१ आयोगको गठन

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले लागू भएको नेपाल कानून आयोग ऐन, २०६३ मिति २०६३।९।३० देखि प्रारम्भ भएको हो । सो ऐनको दफा ४ बमोजिमको आयोगको गठन सम्बन्धी व्यवस्था देहाय वमोजिम रहेको छ :-

| | | |
|---|---|---|
| १ | नेपाल सरकारबाट नियुक्त एकजना | -अध्यक्ष |
| २. | नेपाल सरकारबाट नियुक्त एकजना | -उपाध्यक्ष |
| ३. | नेपाल सरकारबाट मनोनीत कम्तिमा एक जना महिला सहित बढीमा तीन जना | – सदस्य |
| ४. | सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| ५. | सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | – सदस्य |
| ६. | नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | – सदस्य |
| ७. | सचिव, नेपाल कानून आयोग | -सदस्य-सचिव |

आयोगमा हाल कार्यरत पदाधिकारीको नामावली अनुसूची-१ मा समावेश गरिएको छ ।

आयोगका हालसम्मका अध्यक्ष तथा उपाध्यक्षको नामावली अनुसुची-२ र अनुसुची-३ मा समावेस गरिएको छ ।

### १.३.२ आयोगको संगठनात्मक स्वरुप :

आयोगबाट सम्पादन हुने काम कारवाहीलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सम्पादन गर्न आयोगमा प्रशासन महाशाखा, तर्जुमा तथा अनुसन्धान महाशाखाहरु रहेका छन् । यस आयोगमा हालको संगठन संरचना अनुसार कुल ३३ दरबन्दी रहेको छ, जसमध्ये नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित विशिष्ट श्रेणीको एक सचिव, राजपत्राङ्कित प्रथम श्रेणीको दुई सहसचिव, राजपत्राङ्कित द्वितीय श्रेणीको दुई उपसचिव, राजपत्राङ्कित तृतीय श्रेणीका पाँच शाखा अधिकृत, राजपत्र अनंङ्कित पाँच नायब सुब्बा र खरिदार चार जना गरी १९ पद नेपाल न्याय सेवाको रहेको छ भने अन्य दरबन्दी प्रशासन सेवा लगायत अन्य सेवा समूहका रहेका छन् । आयोगको हालको संगठन संरचना अनुसूची-४ मा समावेश गरिएको छ ।

१.४ **आयोगको काम, कर्तव्य र अधिकार** : ऐनको दफा १० बमोजिम व्यवस्था गरिएको आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

(क) नयाँ कानून बनाउने वा विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ख) कानूनको संहिताकरणका लागि आवश्यक संहिताको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) प्रचलित कानूनमा एकीकरण वा पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(घ) नयाँ कानून निर्माण गर्ने र आवश्यकता अनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मसौदा नेपाल सरकार समक्ष पेश गर्ने,

(ङ) हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरूद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(च) अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकता अनुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मसौदा वा सुझाव दिने,

(छ) कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने वा सो सम्बन्धमा सम्बन्धित निकाय वा संस्थासँग सहकार्य गर्ने,

(ज) विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मसौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,

(झ) कानून निर्माण प्रक्रियामा आवश्यकता अनुसार जनधारणा र राय सुझाव संकलन गर्ने,

(ञ) कानूनको मसौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकता अनुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ट) अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,

(ठ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मसौदा पेश गर्ने,

(ड) आयोगको वार्षिक कार्यक्रम तयार गर्ने,

(ढ) नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य काम गर्ने ।

नेपाल सरकारबाट नियुक्त हुने आयोगका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको योग्यता र पदावधि तथा नियुक्ति गर्दा वा पदबाट हटाउदा आवश्यक पर्ने कार्यविधि र आयोगको काम, कर्तव्य र अधिकार ऐनमा नै व्यवस्था भएबाट आफ्नो काम कारबाही सञ्चालन र व्यवस्थापन गर्नको लागि आयोग स्वतन्त्र रहेको छ ।

## १.५ प्रतिवेदन अवधिः

ऐनको दफा २७ बमोजिम आयोगले प्रत्येक बर्ष आर्थिक बर्ष समप्त भएको मितिले साठी दिनभित्र आयोगको बार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । सो प्रयोजनका लागि मिति २०७२/४/१ देखि २०७३/४/३१ सम्म आयोगले सम्पादन गरेका काम र सो अवधिमा जनशक्ति तथा अन्य स्रोतसाधनका आधारमा आयोगको कार्य प्रभावकारितामा देखिएको अवस्था र स्थितिको सन्दर्भमा केन्द्रीत रहेर यो वार्षिक प्रतिवेदन तयार गरिएकोछ ।

**१.६ आयोगमा उपलब्ध साधन स्रोत :** आयोगको साधनस्रोतको अवस्था देहाय बमोजिम रहेको छ :-

**१.६.१ मानव स्रोत (जनशक्ति) :**

आयोगमा निजामती कर्मचारी नै मानव स्रोतको एकमात्र भरपर्दो र स्थायी आधारको रुपमा रहेको छ र हाल ३३ जना कर्मचारीको दरबन्दी कायम रहेको छ । कार्य प्रकृतिका आधारमा नै विज्ञ र कानून क्षेत्रको ज्ञान, सीप, क्षमता भएका जनशक्ति रहनु पर्ने यस आयोगमा कुल ३३ दरबन्दीमध्ये एक सचिव, दुई सहसचिव, दुई उपसचिव, पाँच शाखा अधिकृत, पाँच नायब सुब्बा र चार खरिदार तहका गरी १९ वटा पद नेपाल न्याय सेवाको रहेको छ भने अन्य दरबन्दी प्रशासन सेवा लगायत अन्य सेवा समूहका रहेका छन् । तथापि, आयोगको कर्मचारीलाई समय समयमा नेपाल सरकारको निर्णयबाट अन्यत्र कार्यलयमा काजमा खटाउने प्रचलनले गर्दा दरवन्दी अनुसारका कर्मचारी पूरा नहुने समस्या रहेको छ ।

त्यसै गरी कानूनको अध्ययन तथा अनुसन्धानको लागि त्यस्तो क्षेत्रका विज्ञहरु वा परामर्श दाता रहने व्यवस्था नहुदा पर्याप्त अध्ययन र अनुसन्धान गरी आयोगबाट कार्य सम्पादन हुन कठिनाई परेको छ । कानूनको अध्ययन र अनुसन्धानको आधारबाट नै कानूनी प्रणालीको विकास र यसलाई सम्वृद्ध बनाउन सकिने उद्देश्य रहेको यस आयोगमा पुस्तकालयको व्यवस्थापन गर्ने स्थान र दक्ष जनशक्तिको समेत अभाव छ । वस्तुतः कानून निर्माणसँग प्रत्यक्ष सरोकार रहने सम्बन्धित विषय विशेषज्ञ जनशक्ति (प्राविधिक सेवा समूह) को दरबन्दीको व्यवस्था आयोगमा भएको छैन । कानून निर्माण गर्दा त्यसको समाजशास्त्रिय विश्लेषण र कानूनको निर्माणबाट पर्ने आर्थिक प्रभावको विश्लेषण पनि उत्तिकै महत्व रहने हुँदा यी सबै कार्य गर्ने दक्षता यस आयोगमा उपलब्ध स्थायी जनशक्तिबाट मात्र पूरा हुन सक्ने अवस्था छैन । उपलब्ध जनशक्तिलाई आवश्यक तालीम र क्षमता अभिवृद्धि कार्यक्रमको अभाव रहेको हुँदा जनशक्तिलाई पर्याप्त रुपमा उपयोग गर्न नसकिएको अवस्था छ ।

आयोगमा रहेका कर्मचारी दरबन्दी सम्बन्धी विवरण अनुसूची -५ मा समावेश गरिएको छ ।

आयोगमा कार्यरत कर्मचारीको नामावली अनुसूची -६ मा समावेश गरिएको छ ।

#### १.६.१.१ प्रशिक्षार्थी विद्यार्थीः

यस आयोगले नेपालका विभिन्न विश्वविद्यालय अन्तरर्गतका कलेजमा कानूनको अध्ययन गरिरहेका विद्यार्थीहरूमध्येबाट केही विद्यार्थीलाई छनौट गरी सांकेतिक रुपमा प्रोत्साहन रकम उपलब्ध गराएर अनुसन्धानमा सहायक जनशक्ति (Intern) को रुपमा लगाउन सक्ने व्यवस्था गरेको छ । कानून तर्जुमा र कानूनको अध्ययन अनुसन्धानमा विद्यार्थीहरूको ज्ञान, सीप र क्षमताको उपयोग गर्दै जनशक्ति निर्माण गर्न आयोगले संस्थागत पहल समेत गर्दै आएको छ ।

आ.व. २०७२।७३ मा नेपाल ल क्याम्पस, काठमाण्डौ स्कूल अफ ल, नेशनल ल कलेज र चक्रवर्ती हविब एजुकेशन एकेडेमीका एलएलवी तहका चौध जना विद्यार्थी पाँच महिनाको लागि इन्टर्नशीपमा समावेश भएका थिए । विद्यार्थीहरुबाट प्राप्त सुझावको अध्ययन गर्दा आगामी वर्षमा पनि यस कार्यक्रमलाई निरन्तरता दिन उपयुक्त देखिएको छ । तथापि, आयोगको आफ्नो भवन नभएको र थोरै कोठाहरुबाट कार्य संचालन गर्नु परेकोले स्थान अभावका कारण पछिल्लो समयमा प्रशिक्षार्थी विद्यार्थीलाई बस्ने कोठाको अभावका कारण तोकिएको कार्य गर्न कठिनाई भइरहेको हुँदा आगामी वर्षमा प्रशिक्षार्थी विद्यार्थीको संख्यामा समेत विचार गर्नु पर्ने हुन सक्छ ।

#### १.६.१.२ विशेषज्ञ जनशक्ति :

आयोगको कार्य प्रकृति अनुसार विशेषज्ञ जनशक्तिको आवश्यकता पर्ने हुनाले प्रचलित ऐन नियम तथा विनियोजित बजेटको परिधीभित्र रही आयोगले समय समयमा विशेषज्ञको सेवा लिने अभ्यासलाई निरन्तरता दिइएको छ ।

### १.६.२ भौतिक स्रोत :

कुनै पनि कार्यालयको भौतिक अवस्था र पूर्वाधारले कार्यालयको काम गर्ने वातावरणमा प्रभाव पारेको हुन्छ । सिंहदरबार परिसरभित्र रहेको आयोग २०७२ साल वैशाख १२ गतेको विनाशकारी भुकम्प पश्चात बानेश्वर स्थित अन्तराष्ट्रिय सम्मेलन केन्द्रको परिसरमा स्थानतरण भई सोही स्थानबाट कार्य संचालन हुदै आएको छ । वि.सं. २०६१ साल श्रावणदेखि जमलबाट सिंहदरबार सरेको आयोगको हालसम्म पनि आफ्नो स्थायी भवन निर्माण हुन सकेको छैन । आयोगले सीमित स्रोत र साधनबाट आफ्नो कार्य सम्पादन गरिरहेको अवस्था छ । आयोगको वर्तमान संरचना वमोजिमको दरवन्दीका कर्मचारी पदस्थापना भएमा आयोगलाई उपलब्ध गराइएको कायकक्षहरु नपुग हुने स्पष्ट छ । आयोगको बैठकका लागि बैठक कक्षको अभाव रहेको र आयोगका धेरै सामानहरु (फर्निचर) स्थान अभावका कारण बाहिरनै अलपत्र रुपमा रहेका हुदा भविष्यमा काम नलाग्ने हुन सक्ने अवस्था छ । तथापि, वैठक कक्ष, पुस्तकालय र अन्य केही कोठाहरुको थप व्यवस्था गर्नका लागि पहल हुदै आएको छ ।

आयोगमा रहेको भौतिक स्रोत साधनहरुको विवरण अनुसूची-७ मा समावेश गरिएको छ ।

### १.६.२.१ संचार :

यस आयोगको एउटा प्रमुख परिचय नै यस आयोगको वेबसाइट बनेको छ । सेवाग्राहीले प्रयोग गर्ने वेबसाइट सञ्चालनलाई यस आयोगले निरन्तरता दिदै आइरहेको छ । आयोगको वेबसाइटलाई अद्यावधिक गर्नका लागि आवश्यक सूचनाको पहिचान गर्ने र वेबसाइट मार्फत सही सूचना प्रवाह गराउनका लागि कुनै निर्धारित मापदण्ड यस आयोगले निर्धारण गर्न सकेको छैन । यस आयोगसँग सो कार्य गर्नका लागि जिम्मेवारी दिन सकिने प्राविधिक जनशक्ति व्यवस्था गर्ने तर्फ कारवाही अगाडि बढाउनु पर्ने भएको छ । वेवसाईट प्रयोग गर्ने व्यक्तिहरुसँग अन्तरक्रिया गर्न मिल्ने खालको वेबसाइटको निर्माण गर्नेतर्फ आयोगले काम कारवाही अगाडि बढाएको छ । पटक पटक आयोगको वेवसाइट अतिक्रमण (Hacking) भएकोले वेवपेज सुरक्षा समेत प्रमुख चासोको विषय भएको छ ।

### १.६.२.२ पुस्तकालय :

यसै आयोगमा वि.सं. २०३६ मा पुस्तकालय स्थापना भएको हो । पुस्तकालयमा हाल नेपाल कानून आयोगले खरिद गरेका, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट प्राप्त भएका विभिन्न विषयसँग सम्बन्धित ३००० भन्दा धेरै पुस्तकहरू रहेका छन् । तर पुस्तकालय व्यवस्थापनको लागि दक्ष एवं विज्ञ जनशक्ति र उपयुक्त भवन(कोठा)को अभावमा यस आयोगको पुस्तकालय व्यवस्थापन सहज हुन सकेको छैन भने पुस्तकालय प्रयोग गर्न सकिने अवस्थामा नभएकाले प्रयोगहिन जस्तै बन्दै गएको छ । वि.सं २०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्पका कारण आयोगको कार्यालय बानेश्वरमा स्थानान्तरण भए पश्चात पुस्तकालयको व्यबस्थापन झन खस्किदो छ । पुस्तकालयका लागि स्थान अभावका कारण कानून आयोग जस्तो अध्ययन अनुसन्धान गर्नुपर्ने संस्थामा किताबहरु थन्काएर राख्नु पर्ने अवस्था आएको छ । पुस्तकालयको लागि भवन निर्माण गर्ने सम्बन्धमा आवश्यक पहल हुदै गरेको अवस्था छ ।

**१.६.३ आयोगको वित्तीय स्थिति :**

नेपाल सरकारको वित्तिय स्रोतबाट आयोगले आफ्नो कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यसैले आयोगको सम्पूर्ण कार्यक्रमको सञ्चालन आर्थिक रुपले नेपाल सरकार माथि नै भर पर्नु पर्ने अवस्था छ ।

यस वर्ष आयोगका लागि वजेट उपशिर्षक नं.३११०१२३ (चालु खर्च) अन्तरगत रु २४,३६३,०००.००।- र वजेट उपशिर्षक नं.३११०१२४ (पूँजीगत खर्च) तर्फ जम्मा रु १,४४६,०००.००।- वार्षिक वजेट निकास भई खर्च गर्ने अख्तियारी प्राप्त भएको थियो । यसमध्ये तोकिएको कार्य तथा सेवामा खर्च भई हुन गएको प्रगति यसै वार्षिक प्रगति प्रतिवेदनमा संलग्न गरिएको छ ।

आयोगको वित्तीय विवरण र यस आ. व. को प्रगति विवरण अनुसूची - ८ मा समावेश गरिएको छ ।

# परिच्छेद - २

## कानून सुधारमा आयोगको भूमिका

सामान्यता प्रचलित कानूनको वास्तविक कार्यान्वयनको स्थितिको परिवेक्षण, पुनरावलोकन एवम् प्रभाव मूल्यांकन गर्ने प्रक्रिया नै कानून सुधारको पूर्व शर्त हो । कानून बनाएर मात्र हुदैन, कानूनको प्रभावकारी कार्यान्वयन गर्ने विषय महत्वपूर्ण हुन्छ । मूलुकको आर्थिक, सामाजिक, सास्कृतिक, राजनैतिक, वातावरणीय एवम् अन्य अवयवहरुसंगको अन्तर सम्बन्ध तथा अन्तर विरोधको मुल्यांकन गरी बनाएका कानूनले मात्र कानूनी पद्धतिमा परिवर्तन ल्याउन सक्दछन् । त्यसकारण कानूनको सुधार एवं परिमार्जनका लागि अत्यन्त सुक्ष्म र अन्तर अवयवहरुको व्यापक अध्ययन र अनुसन्धान गरी कानूनको प्रभावकारी कार्यान्वयन हुन सक्ने मात्र कानून बनाउनु आवश्यक हुन्छ, अन्यथा कानूनको प्रभावकारी कार्यान्वयन हुन नसकी कानूनको अवज्ञा बढ्ने खतरा उत्पन्न हुन सक्दछ । विश्वव्यापी रुपमा नै कानून सुधारलाई कानूनको शासनको आधारको रुपमा लिइएको पाइन्छ, कुनै पनि कानून स्वच्छ (Fair), आधुनिक (Modern), सरल (Simple) र मितव्ययी (Cost Effective) छ वा छैन भनी परीक्षण गरी विश्लेषण गर्न सके मात्र असल कानून (Good Law) को रुपमा स्थापित हुन पुग्दछ । यसरी बन्ने कानून उपयोगी (Effective) तथा पहुँचयोग्य (Accessible) पनि हुनु पर्दछ । कानून सुधारको क्षेत्रमा संलग्न निकायले समय र परिवेश, आर्थिक तथा सामाजिक प्रणाली, लगायतका विषयमा अध्ययन, अनुसन्धान र विश्लेषण गरेको अधारमा कानून बनाउने पद्दती विकास गरेमा मात्र यथार्थमा कानूनमा सुधार भएको महशुस हुन सक्दछ ।

आयोगले आफ्नो स्थापना कालदेखि नै कानूनको सुधारको क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आईरहेको छ । बिभिन्न क्षेत्र र प्रणालीमा निहित परिवर्तनलाई आत्मसात गर्दै परिवर्तनशिल समाजको गतिलाई सम्बोधन गर्ने कानूनी प्रणालीको बिकास गर्ने उद्देश्य पूरा गर्ने आफ्नो भूमिकाप्रति आयोग गम्भिर रहेको छ । यसै पृष्ठभूमिको आधारमा आयोगले प्रचलित कानूनको अध्ययन अनुसन्धान तथा विश्लेषण एवम् आवश्यक कानूनको तर्जुमा गर्दै आएको छ । कानून सुधार गर्ने सन्दर्भमा सरोकारवालासंगको व्यापक सहभागितालाई प्राथमिकतामा राखेर आयोगले कार्य गर्दै आएको छ । यसले समयानुकूल कानूनी प्रणालीमा देखिएका समस्या तथा मागलाई सम्बोधन गरी कानून बनाउन सकेमा औचित्यपूर्ण कानून निर्माण भई कानूनको परिपालनामा नागरिक सहभागिता बिस्तार एवम् सुनिश्चित हुन सक्ने कुरालाई मनन गरी आयोगले सैद्धान्तिक तथा व्यवहारिक आधारमा आफ्नो कार्य र भूमिकालाई अगाडि बढाउँदै आएको छ ।

आयोगले आफ्नो उद्देश्य अनुरुप नै सरकारलाई समय समयमा कानून सुधार र परिमार्जनका लागि महत्वपूर्ण सुझावहरु प्रदान गर्दै आएको छ । जसको कार्यान्वयनबाट नेपालको कानूनी प्रणालीलाई परिस्कृत, सम्बृद्ध, सक्षम र प्रभावकारी बनाउन मद्दत पुगेको छ र नयाँ निर्माण गरिने तथा सुधार

गर्नुपर्ने विभिन्न क्षेत्रगत विषयका कानून निर्माणमा तर्कपूर्ण एवम् सिद्वान्तमा आधारित र विश्वमा विकसित भएका नविनतम् अवधारणालाई समेत समेटेर विधेयक मसौदाको कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ ।

## २.१ कानूनको संशोधनमा सरकारलाई दिइने सुझाव :

आयोगले कानून निर्माणमा आवश्यक गुणस्तरीय मापकहरूको प्रर्वधन गर्दै जाँदा अन्ततः सरकारलाई कानून निर्माणका सम्बन्धमा व्यापक परामर्शदायी सेवा उपलब्ध हुन सक्ने देखिन्छ । आयोगले ऐन को दफा १० वमोजिम सरकारलाई कानूनी तथा नीतिगत सुझाव उपलब्ध गराउने व्यबस्था छ । त्यसैगरी, यस आयोगलाई कानूनको पुनरावलोकन गर्न सक्ने जिम्मेवारी सुम्पिएको सन्दर्भमा प्रचलित कानूनको परिमार्जन गर्न र कार्यान्वयन योग्य हुने गरी कानूनको मसौदा तर्जुमा गर्ने तर्फ लक्षित हुनु आयोगको प्रमुख दायित्व पनि हो । यसै प्रयोजनका लागि यस आयोगले निष्कृय रहेका कानूनी प्रावधानहरूको खारेजी तथा  कार्यान्वयन हुन नसकेकालाई परिस्कृत गर्दै कानूनी मसौदा तर्जुमाका लागि प्रचलित कानूनको पुनरावलोकनको कार्य अघि बढाएको छ । उक्त अध्ययन बमोजिमका सिफारिसलाई कार्यान्वयन सम्भाव्यता लगायतका अन्य औचित्यहरूको विश्लेषण पश्चात् यस आयोगले  नेपाल सरकार समक्ष प्रत्येक वर्ष आफ्नो प्रतिवेदन मार्फत सिफारिस गर्ने गर्दछ ।

सरकारलाई कानूनको शासन र सक्षम कानूनी प्रणालीको विकासका लागि आवश्यक सुझाव उपलब्ध गराउने प्रयास स्वरुप अदालतबाट न्यायिक पुनरावलोकनको क्रममा जारी भएको आदेशहरूको कार्यान्वयनको सन्दर्भलाई समेत ध्यान दिई आयोगले अध्ययन गर्ने गर्दछ । यस प्रकारको अध्ययन तथा विश्लेषण पश्चात आवश्यक सुझाव नेपाल सरकार समक्ष प्रस्तुत गर्ने गरिएको छ । यस बाहेक कानून तथा न्यायको क्षेत्रमा कुनै पनि विषयमा अध्ययन, अनुसन्धान र पुनरावलोकन गरी आयोगले आवश्यक सुझाव नेपाल सरकार समक्ष पेश गर्ने गर्दछ ।

## २.२ कानून निर्माणमा एकरुपता कायम गर्ने प्रयासः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम ऐन वा अध्यादेशको विधेयक र नियमको मसौदा तयार गर्ने आधिकारिक निकाय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय भए तापनि नेपाल सरकारका अन्य मन्त्रालयहरुबाट परामर्शदाता मार्फत अन्य संस्थाबाट पनि मसौदा हुने गरेको पाइन्छ । त्यसले गर्दा कैयौँ ऐनका मसौदा शैली फरक-फरक भई कार्यान्वयनमा यदाकदा जटिलता आएको हुँदा आयोगले कानून निर्माणमा विज्ञताको भूमिका र एकरुपताको सुनिश्चितताको लागि प्रयत्न गर्दै आएको छ । मूलुकमा निर्माण भएका कानूनको केन्द्रीय अभिलेखन तथा तिनको निर्माणमा आयोगको सहभागिताबाट नेपालमा कानून निर्माणको प्रक्रियामा एकरुपता र कानूनमा हुनुपर्ने न्यूनतम् गुणस्तरको सुनिश्चितता कायम गर्न आयोगले त्यसतर्फ समेत प्रयत्न गरिरहेको अवस्था छ र यस प्रयोजनका लागि आयोगले कानून तर्जूमाको दिग्दर्शन तयार गरी प्रकाशन गरिसकेको छ ।

हाल प्रचलित कानूनहरूको केन्द्रीय अभिलेखनको आवश्यकताको सन्दर्भमा आगामी वर्षहरूमा सरोकारवालाहरूको बीचमा मतैक्यता कायम गर्दै अभिलेखन निकायको पहिचान गर्नुपर्ने विषयलाई आयोगले पहिचान गरेको र आगामी आर्थिक वर्षहरूमा त्यसतर्फ कार्य प्रारम्भ गरिनेछ । यसै प्रयोजनका लागि आयोगले आफूले विधेयक मसौदाको कार्यमा विद्यमान कानूनहरू र कानूनी अभ्यासको अध्ययन र विश्लेषणलाई मसौदा प्रक्रियाको अभिन्न अङ्गको रुपमा अंगिकार गरेको छ । यसबाट कानून निर्माणमा गुणस्तर र एकरुपता कायम गर्न सकिने अपेक्षा आयोगको रहेको छ । कानून निर्माणको प्रक्रियामा एकरुपताको माध्यमबाट गुणस्तर कायम गर्ने सम्बन्धमा यस आयोगले केही निश्चित विषयहरूमा यस आयोगको सहभागिता आवश्यक पर्ने बिषय पहिचान गरेर नेपाल सरकारलाई सुझाव उपलब्ध गराएको थियो । आयोगको चासो र सोको महत्वलाई मनन गर्दै नेपाल सरकारले आफ्ना निकायहरूलाई कानून तर्जुमाको सम्बन्धमा पालन गर्नुपर्ने मापदण्ड निर्धारण गरेर सो बमोजिम गर्नका लागि पत्राचार समेत गर्ने अभ्यास रहेको छ ।

## २.३ कानून तर्जुमा

आयोगले ऐनको दफा १० बमोजिम नयाँ कानून तर्जुमा गर्ने र आवश्यकता अनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा मसौदा नेपाल सरकार समक्ष पेश गर्ने गर्दछ । आयोगले राष्ट्रिय तथा अन्तराष्ट्रिय, आर्थिक, सामाजिक, राजनैतिक एवम् अन्य परिस्थिति अनुकूल, समसामयिक सान्दर्भिक विषयहरुमा आफैले कानून तर्जुमा गर्ने तथा विद्यमान कानूनमा संशोधनका लागि मस्यौदा तर्जुमा गर्ने गर्दछ भने विभिन्न निकायवाट आयोगलाई कानून तर्जुमा गर्न अनुरोध भई आएमा

त्यस्ता कानून समेतको तर्जुमा गर्ने गर्दछ । आफ्नो अध्ययन अनुसन्धानवाट प्राप्त नतिजाका आधारमा समेत आयोगले कानून तर्जुमा गरी कानून सुधार र परिमार्जनको मूल अभिष्ट पूरा गर्दै आएको छ ।

## परिच्छेद -३

# आ.व. २०७२।०७३ को कार्यप्रगति

## ३.१ विधेयक तर्जुमा

आयोगले ऐनको दफा १० बमोजिम नयाँ कानूनको तर्जुमा गर्ने, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरावलोकन, एकिकरण तथा संहिताकरण गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी कानूनको मस्यौदा तर्जुमा गर्ने लगायतका कार्य गर्दै आएको छ । यसै क्रममा आर्थिक वर्ष २०७२।७३ को वार्षिक कार्यक्रममा आयोगलाई तीनवटा विधेयक तर्जुमा गर्न अख्तियारी प्राप्त भएकोमा आयोगले आवश्यक ठानेका र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट अनुरोध भई आएका विधेयक समेत देहायका विषयका चारवटा विधेयक नयाँ तथा संशोधन तर्जुमा गरी आवश्यक कारबाहिका लागि नेपाल सरकार समक्ष सिफारिस गरेको छ ।

### ३.१.१ प्रशासकीय अधिकारीले मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रशासकीय अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि तय गरी स्पष्टता, एकरुपता एवं पारदर्शिता कायम गर्ने समेत उद्देश्यले तर्जुमा गरिएको प्रशासकीय अधिकारीले मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक आयोगको मिति २०७२।११।१९ को बैठकबाट पारित भई नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समक्ष सिफारिस गरिएको छ । उक्त विधेयक मस्यौदा अनुसूची-९ मा संलग्न गरिएको छ ।

### ३.१.२ महाभियोग सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

नेपालको संविधान जारी भए पश्चात सोको कार्यान्वयन गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट विभिन्न कानून तर्जुमा गर्ने सन्दर्भमा यस आयोगलाई संविधानको धारा १०१ को प्रयोजनका लागि महाभियोग सम्बन्धी कानून तर्जुमा गर्न अनुरोध भएको र नेपालको संविधान बमोजिम राष्ट्रपति, उपराष्ट्रपति, प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य र संवैधानिक निकायका प्रमुख वा पदाधिकारी विरुद्ध महाअभियोगको प्रस्ताव उपरको कारबाही गर्ने सम्बन्धमा आयोगको मिति २०७२।१२।११ को बैठकबाट पारित भई महाभियोग सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको

विधेयक नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समक्ष सिफारिस गरिएको छ। उक्त विधेयक मस्यौदा अनुसूची-१० मा संलग्न गरिएको छ।

### ३.१.३ ज्येष्ठ नागरिक सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक

ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर, सम्मान तथा सद्भाव अभिवृद्धि गर्ने सम्बन्धमा तत्काल व्यवस्था गर्ने उद्देश्यले ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ कार्यान्वयनमा आएको भए तापनि उक्त ऐनको प्रभावकारी कार्यान्वयन हुन नसकेको भनी ज्येष्ठ नागरिक महासंघ तथा राष्ट्रिय मानव अधिकार आयोगबाट अध्ययन भई सो सम्बन्धी प्रतिवेदन तयार भएको र विभिन्न सरोकारवाला लगायत संचार माध्यम मार्फत पनि ज्येष्ठ नागरिक ऐनमा सामयिक संशोधन गर्नुपर्ने गरी राय तथा सुझाव प्राप्त भएकोले सोको आधारमा सो ऐनलाई संशोधन गर्ने विधेयक तर्जुमा भएको छ। प्रस्तुत विधेयकमा मूलतः ज्येष्ठ नागरिकको पालन पोषण तथा हेरचाह, ज्येष्ठ नागरिक सेवा केन्द्रको स्थापना र सञ्चालन, ज्येष्ठ नागरिकलाई दुर्व्यवहार गर्न, अपमान गर्न वा झुक्यानमा पार्न नहुने, कानूनी सहायता उपलब्ध गराउने लगायतका विषय समेतलाई समेटिएको र ज्येष्ठ नागरिकका विरुद्ध गरिने कतिपय व्यवहारलाई कसूरजन्य अपराध मानी कसूर कायम गर्न, थप दण्ड सजायको व्यवस्था सहित तयार गरिएको ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक आयोगको मिति २०७३।०२।३० को बैठकबाट पारित भई नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय समक्ष सिफारिस गरिएको छ। उक्त विधेयक मस्यौदा अनुसूची-११ मा संलग्न गरिएको छ।

### ३.१.४ विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

आयोगको वार्षिक कार्यक्रम अन्तर्गत रहेको प्रस्तुत विधेयक वस्तु वा सेवाको उत्पादन वा वितरण सम्बन्धी विज्ञापनलाई नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्ने उद्देश्यले तर्जुमा गरिएको हो। मूलतः विज्ञापनको क्षेत्रमा भईरहेको काम कारबाहिलाई नियमन गर्ने र त्यस्ता काम कारबाहिमा हुन सक्ने अनियमिततालाई नियन्त्रण गर्नको लागि केन्द्रीयस्तरमा एक स्वायत्त विज्ञापन बोर्ड र जिल्लास्तरमा विज्ञापन समितिको गठन गरी विभिन्न काम, कर्तब्य र अधिकार प्रदान गरिएको र कतिपय विषयमा विज्ञापन गर्न निषेध गर्ने र बोर्डले नै कतिपय विषयका विज्ञापन प्रकाशन वा प्रसारण गर्न रोक लगाउन सक्ने व्यवस्था प्रस्ताव

गरिएको छ । यसका अतिरिक्त क्षतिपूर्ति र दण्ड सजायको व्यवस्था लगायतका प्रावधान समेटी तयार गरिएको विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक आयोगको मिति २०७३।०३।२७ को बैठकबाट पारित भई नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय समक्ष सिफारिस गरिएको छ । उक्त विधेयक मस्यौदा अनुसूची-१२ मा संलग्न गरिएको छ ।

## ३.२ तर्जुमाको क्रममा रहेका विधेयकहरुः

आयोगले आवश्यक ठानेका अन्य कतिपय विषयका अवधारणापत्र तथा विधेयक तर्जुमा सम्बन्धी काम समयको अभावले गर्दा आयोगको कारबाहीको चरणमा नै रहेका छन् । यी मध्ये झूट्टा अभिव्यक्ति सम्बन्धी विधेयकको मस्यौदा तर्जुमाको क्रममा रहेको छ भने मौलिक हकसँग सम्बन्धित केही विषयका कानूनको अध्ययन तथा पुनरावलोकन गर्ने एवं अवधारणापत्र तयार गर्ने काममा नै रहेकोले बाँकी कार्यहरुलाई आगामी वर्षको कार्यक्रममा समावेश गरी निरन्तरता दिइने छ ।

## ३.३ अन्तरक्रिया गोष्ठी एवं अध्ययन प्रतिवेदनः

आयोगले आर्थिक वर्ष २०७२।७३ को वार्षिक कार्यक्रममा देहाय बमोजिमका तीनवटा अन्तरक्रिया गोष्ठी सम्पन्न गरेको छः-

**३.३.१** ज्येष्ठ नागरिक ऐनमा समावेश गर्नुपर्ने विषयका सम्बन्धमा विभिन्न सरोकारवालासँग मिति २०७२।१०।१८ मा काठमाडौंमा,

**३.३.२** आयोगको वार्षिक कार्यक्रमको समिक्षा तथा आगामी वार्षिक कार्यक्रममा समावेश गर्ने विषयका सम्बन्धमा छलफल गर्ने प्रयोजनका लागि मिति २०७२।१२।०९ नगरकोटमा,

**३.३.३** विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर सरोकारवालाहरुको राय, प्रतिक्रिया तथा सुझाव लिने उद्देश्यले मिति २०७३।०३।१० मा पोखरामा,

अन्तरक्रिया कार्य सम्पन्न गरी उक्त कार्यक्रममा उठेका कतिपय विषयलाई समेटी मस्यौदा परिमार्जन गरियो ।

वार्षिक कार्यक्रममा उल्लेख भएका गोष्ठी तथा अन्तर्क्रियाका अतिरिक्त FAO को सहयोगमा खाद्य अधिकार सम्बन्धी कानून पुनरावलोकन गर्ने सन्दर्भमा मध्य पश्चिमाञ्चलका विभिन्न ८ वटा

जिल्लामा सरोकारवालाहरुसंग छलफल तथा अन्तक्रिया सम्पन्न गरिएको थियो भने काठमाडौंमा राष्ट्रियस्तरको १ तथा अन्तराष्ट्रियस्तरको १ अन्तर्क्रिया सम्पन्न भएको थियो ।

## ३.४ इन्टर्नसिप कार्यक्रम सञ्चालन

कानूनको विषय अध्ययन गरेका न्याय एवं कानूनको क्षेत्रका जनशक्तिलाई कानूनको सैद्धान्तिक ज्ञानका अतिरिक्त व्यवहारिक ज्ञान प्रदान गर्न कानूनको तर्जुमा लगायतका विषयमा ज्ञान प्रदान गर्ने उद्देश्यले नेपालका विभिन्न विश्वविद्यालयका विभिन्न कलेजका कानून संकायमा स्नातक तहको अध्ययन गर्ने विद्यार्थीलाई यस आयोगमा उपस्थित भई आयोग तथा नेपाल सरकारका विभिन्न निकायबाट सम्पादित काम, कारबाहीको अवलोकन गरी ज्ञान, सीप, क्षमता बढाउने अवसर प्रदान गर्न सञ्चालित इन्टर्नसिप कार्यक्रमलाई अघिल्लो आ. व. मा जस्तै यस आ.व.मा पनि निरन्तरता दिइएको थियो ।

आ.व. २०७२।०७३ को पहिलो चरणमा नेपाल ल क्याम्पस, काठमाडौं स्कूल अफ ल, नेशनल ल कलेज र चक्रवर्ति हवि एजुकेशन एकेडेमीमा एलएलबीमा अध्ययनरत चौध जना विद्यार्थीले यस आयोगमा इन्टर्नसिप सम्पन्न गरेका थिए । इन्टर्नसिप गर्न आएका विद्यार्थीले विभिन्न कानूनको पुनरावलोकन गर्ने, कानूनको अवधारणापत्र तयार गर्ने एवं कानूनको तर्जुमा गर्ने लगायतका कार्यमा सहयोगी भूमिका निर्वाह गरेका हुँदा आयोगले आफ्नो काममा संलग्न गराई उनीहरुको क्षमता बिकासका लागि अनुभव प्रदान गराएको थियो । समग्रमा इन्टर्न गर्न आएका विद्यार्थीको प्रतिक्रिया तथा आयोगका कर्मचारीको अनुभवलाई समेत आधारमा मुल्याङ्कन गर्दा आगामी वर्षमा पनि यो कार्यक्रमलाई निरन्तरता दिन उपयुक्त देखीएकोले यस कार्यक्रमलाई आगामी वार्षिक कार्यक्रममा समावेश गर्न प्रस्ताव गरिएको छ ।

## ३.५ आयोगको वेवसाइट अद्यावधिक

नेपाल कानून आयोगले वि.सं. २०६५ सालदेखि नै आफनो वेवसाइट तयार गरी उक्त वेबसाइटमा विभिन्न नेपाल कानूनको विद्युतीय ढाँचामा संग्रह प्रकाशन गर्ने र समय समयमा ती कानूनका संग्रहलाई वेवसाइटमा अद्यावधिक गर्ने कार्य गर्दै आएको छ । आयोगको वेवसाइटमा नेपालको संविधानको नेपाली र अग्रेंजी भाषामा Upload गर्ने र अन्य केही ऐन, नियम, गठन आदेश लगायतका नेपाल कानूनलाई अद्यावधिक गर्ने गरिएको छ ।

## ३.६ आयोगद्वारा थालनी भई कार्य सम्पन्न भै नसकेका कार्य

ऐनको दफा १० मा उल्लेख भए बमोजिम आयोगको काम, कर्तव्य र अधिकार को खण्ड (ङ) मा हाल प्रयोगमा नभएका, एक आपसमा बाझिएका, असमान, बिभेदजन्य, मानव अधिकार बिरुद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने काम आयोगको काम, कर्तव्य, अधिकारमा उल्लेख गरेको सन्दर्भमा हाल प्रयोगमा नभएका वा कार्यान्वयन हुन नसकेका कानूनको सम्बन्धमा अध्ययन गरी आयोग समक्ष प्रतिवेदन पेश गर्न ऐनको दफा १८ बमोजिम आयोगका अध्यक्षको संयोजकत्वमा एक अध्ययन कार्यदल मिति २०७२/०७/१७ मा गठन भएको थियो । सो कार्यदलले ऐन संग्रहको खण्ड १४ मा रहेका ऐनहरुको अध्ययन गर्नको लागि प्रारम्भिक वैठकहरु बसि थालनी गरिएको थियो । तर आयोगका पदाधिकारीहरुको नियुक्तिमा भएको फेरवदल तथा आयोगका कर्मचारीहरुको अवधि नपुग्दै सरुवा र काजमा अन्यत्र खटाएका कारण अध्ययन पूरा हुन सकेन ।

# परिच्छेद - ४

# बार्षिक कार्यक्रम

## ४.१. बार्षिक कार्यक्रम

कुनै पनि संस्था एवम् निकायले आफनो लक्ष्य तथा उद्देश्य प्रभावकारी रुपमा हासिल गर्न र आफ्नो कार्यलाई थप प्रभावकारी र उपलब्धीमूलक बनाउनको लागि प्रत्येक बर्ष आगामी बर्षका लागि कार्यक्रम, रणनीति, कार्य योजना एवम् बजेटको समुचित प्रक्षेपण र ब्यवस्थापन गर्नु पर्ने हुन्छ । आयोगको भौतिक एवम् मानवीय संसाधनलाई मध्यनजर राख्दै आयोगको आगामी आर्थिक वर्ष ०७३/०७४ को लागि देहाय बमोजिमको वार्षिक कार्यक्रम तयार पारिएको छ ।

आर्थिक वर्ष ०७३/०७४ को बार्षिक कार्यक्रम अनुसूची १३ मा समावेश गरिएको छ ।

### ४.१.१. बिधेयक तर्जुमा

यस आयोगको प्रमुख कार्यभित्र कानूनको मसौदा तर्जुमा गर्ने समेतको कार्य रहेको हुँदा यस आयोगको यस आ.व.को स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रही आयोगले विभिन्न विषयमा कम्तीमा पाँचवटा विधेयक मसौदा तर्जुमा गर्ने कार्यक्रम रहेको छ । यस बाहेक पनि कुनै मन्त्रालय वा निकायबाट अनुरोध भई आएका विधेयक समेतको तर्जुमा सम्बन्धी कार्य आयोगबाट सम्पादन गरिने छ ।

### ४.१.२. गोष्ठी तथा अन्तर्रक्रिया

यस आयोगवाट तयार पारिएका विभिन्न ऐनका विधेयक मसौदा तथा अन्य कुनै कानून तर्जुमा गर्नुपर्ने विषयका अवधारणापत्रका सम्बन्धमा सम्बन्धित सरोकारवाला व्यक्ति वा निकाय मार्फत सुझाव तथा पृष्ठपोषण लिने उद्देश्यले आयोगले तोकेका कुनै तीन वटा विषयमा मूलुकका बिभिन्न क्षेत्रमा गोष्ठी तथा अन्तर्रक्रिया कार्यक्रम र पाँचवटा “कानूनको सम्बन्धमा जानकारी आदानप्रदान तथा प्रचारप्रसार” कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम रहेको छ ।

### ४.१.३. अवधारणा पत्र

कानून प्रणालीलाई सुदृढ एवं परिस्कृत बनाउन अध्ययन र अनुसन्धानको महत्वपूर्ण भूमिका हुने भएकोले आयोगले तोकेका कम्तीमा बाह्र वटा विभिन्न बिषयमा नयाँ कानूनको आवश्यकता पहिचान र प्रचलित कानूनको पुनरावलोकन सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी अबधारणापत्र तयार पार्ने कार्यक्रम रहेको छ ।

### ४.१.४. अध्ययन प्रतिबेदन

आयोगले हाल प्रचलनमा रहेका तर कार्यान्वयनमा नआएका कानूनको खारेजी, संशोधन तथा एकिकरण लगायतका बिषयमा यस भन्दा पहिले गर्दै आएका कार्यलाई निरन्तरता दिने क्रममा यस आ.व.मा १२ वटा विषयको पहिचान गरी ती कानूनहरुमा अध्ययन पुनरावलोकन सम्पन्न गरी अध्ययन प्रतिबेदन तयार पार्ने कार्यक्रम रहेको छ ।

### ४.१.५. अध्ययन अनुसन्धान :

आयोगले अनुसन्धानका अध्ययन तथा क्षेत्रलाई प्राथमिकतामा राखि निरन्तरता दिन नेपाल सरकारको वार्षिक कार्यक्रम तथा नीतिमा समावेश भएका कानून सम्वन्धी बिषय, सर्बोच्च अदालतका फैसला एवम् निर्देशनात्मक आदेशमा अन्तरनिहित रहेका कानूनी बिषय, अन्तर्राष्ट्रिय कानून एवम् सन्धि सम्झौताको दायित्वको कार्यान्वयन सम्बन्धि बिषय कानूनी व्यवस्था गर्ने तथा बिधिशास्त्रीय नविनतम् अवधारणाका सम्बन्धमा कम्तिमा दुई वटा बिषयमा विस्तृत रुपमा अध्ययन र अनुसन्धान गरी प्रतिबेदन तयार पारिने कार्यक्रम समावेश गरेको छ ।

### ४.१.६. वेवसाइट व्यवस्थापन :

आयोगले न्याय प्रशासनमा समेत सूचना तथा प्रविधिको प्रयोग र पहुचमा अभिवृद्धि गर्ने उद्देश्यले आफ्नो वेवसाइट मार्फत आफ्ना सूचना संप्रेषण गर्दै आइरहेको छ । आयोगले नेपाल कानून (संविधान, ऐन, नियम, गठन आदेश) अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा नीतिहरुको संशोधन, अद्यावधिक र त्यसलाई अंग्रेजी भाषामा अनुवाद समेत गर्दै आयोगको आफ्नो वेवसाईट राख्ने अभ्यास गरेको छ । यो वेवसाईट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नै नेपाल कानूनको सोध तथा अध्ययनकर्तालाई सघाउ पुर्याउन महत्वपूर्ण श्रोतको रुपमा

बिकसित भइरहेको छ । कतिपय नेपाल कानून तथा अन्तर्राष्ट्रिय कानून तथा सन्धि-सम्झौताको अनुबाद समेतलाई वेवसाइटले समेटेकोले यसलाई व्यवस्थित रुपमा सञ्चालन र अद्यावधिक गर्दै लैजान सकेमा नेपाल कानून अन्य मूलुकको लागि एक नमूना (Model Law) को रुपमा विकसित एवम् स्थापित हुन सक्ने संभावना रहेको छ । यसबाट नेपाल कानूनी प्रणालीको प्रचार प्रसारमा सघाउपुग्ने र यसका प्रगोगकर्ता समेत लाभान्वित हुन सक्ने देखिदा यस कार्यलाई आयोगले अझ प्रभावकारी रुपमा निरन्तरता दिने सोच बनाएको छ ।

**४.१.७ अन्य :**

आयोगवाट सम्पादन गरिने अन्य कार्यहरु देहाय बमोजिम रहेका छन् :-

**(क)** बि.सं. २०७२ साल असोज ३ गते नेपालको संविधान प्रारम्भ भएको हुँदा नेपाल सरकारले कानून निर्माण बर्ष घोषण गरेको सन्दर्भमा सो संविधान कार्यान्वयन गर्न विभिन्न कानूनको तर्जुमालाई प्राथमिकतामा राखि योजनावद्द ढंगले तर्जुमा सम्बन्धी कार्य अगाडि बढाइने छ ।

**(ख)** यस आयोगबाट संयूक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) तथा संयूक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यकम (FAO) संगको सहकार्यमा यस आ.व.मा भइरहेका कार्यलाई निरन्तरता दिने र नयाँ सहकार्य प्राप्त गरी मौलिक हक कार्यान्वयन गर्ने कानून तथा अन्य विभिन्न विषयमा अवधारणा तथा कानून तर्जुमा सम्बन्धी कार्यलाई आगामी आ.व.मा समेत निरन्तर्ता दिइने छ ।

**(ग)** मन्त्रालय तथा विभिन्न निकायबाट अनुरोध भै आएका विषयमा समेत अध्ययन, अनुसन्धान र विधेयक तयार गर्ने कार्यलाई समेत निरन्तरता दिइनेछ ।

# परिच्छेद - ५

# समस्या तथा सुझाव

ऐनको दफा १० बमोजिम आयोगले आफूलाई तोकिएको कार्य प्रभावकारी रुपमा सम्पादन गर्ने क्रममा देखिएका देहायका समस्याका सम्बन्धमा देहाय बमोजिम सुधार हुनु पर्ने देखि नेपाल सरकार समक्ष सुझाव प्रस्तुत गरिएको छ :

**(क) भौतिक पूर्वाधार :**

यस आयोगको आफ्नो स्थायी भवन नभएकाले २०६१ सालदेखि सिंहदरबारस्थित साविकमा शान्ति तथा पुनर्निर्माण मन्त्रालय रहेको भवनमा बस्दै आएको भए तापनि २०७२ साल बैशाख १२ गतेको विनाशकारी भुकम्प पछि स्थान अभावका कारण वानेश्वर स्थित अन्तराष्ट्रिय सम्मेलन केन्द्र परिसरमा रहेको अस्थायी संरचनामा रहदै आएको छ । यस स्थानमा कार्यकक्षहरु कम भएको र वैठक तथा पुस्तकालय सञ्चालन गर्ने उपयुक्त हल नभएकोले स्थान अभाव रहेको अवस्था छ । आयोगको आफ्नै भवन नभएको अबस्थामा स्थायी भवनको व्यवस्था हुन उपयुक्त देखिन्छ ।

**(ख) जनशक्ति :**

आयोगमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी सिर्जना भएको भए तापनि आयोगको काम विज्ञता र अनुसन्धानमूलक प्रकृतिको भएकोले सवै कर्मचारी दरवन्दी पदपूर्ति नहुँदा र भैरहेका कर्मचारी समेत काजमा अन्यत्र खटिएकाले आयोगको कार्य सञ्चालनमा कर्मचारीको कमि महशुस गरिएकाले सो समस्याको समाधान हुन उपयुक्त देखिन्छ ।

**(ग) पुस्तकालय व्यवस्थापनः**

आयोग अध्ययन तथा अनुसन्धानमूलक कार्य गर्ने प्रकृतिको भएकोले आयोगमा पुस्तकालयको व्यवस्थापन आधुनिक रुपमा हुनु पर्ने हुन्छ । पुस्तकालयका लागि पुस्तकालय अधिकृत लगायत सहायक स्तरको छुट्टै जनशक्ति नभएकाले पुस्तकालयको व्यवस्थापन उचित तवरले हुन सकेको छैन भने पुस्तकालयमा कानून सम्बन्धी स्वदेशी तथा विदेशी अनुसन्धनात्मक पुस्तक तथा पत्रपत्रिकाको अप्रर्याप्तता समेत रहेको हुदा यसमा समेत आवश्यक सुधार हुनुपर्ने देखिन्छ ।

**(घ) समन्वय :**

कानून तर्जुमा जस्तो प्राविधिक प्रकृतिको जटिल कार्य सम्पादन गर्न आयोगको स्थापना भएको भए तापनि  नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, निकाय र परियोजनाले यस आयोगको समन्वयमा भन्दा पनि तदर्थ प्रकृतिका समिति गठन गरी कानून निर्माणको कार्य सम्पादन गराउने प्रचलन बढ्दै आएको पाइन्छ । तसर्थ कानूनको तर्जुमा गर्दा सम्बन्धित निकायले आयोगसँग समन्वय गरी गर्नुपर्ने प्रवृतिको विकास  गरी  कानून तर्जुमा गर्ने कार्य अगाडि बढाउन उपयुक्त देखिन्छ ।

**(ङ) क्षमता अभिवृद्धि :**

आयोगले कानून तर्जुमाका अलावा कानूनको  अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्नु पर्ने हुन्छ तर यस अनुरुपको कार्य सम्पादनको लागि जनशक्तिको व्यवस्था भने हुन सकेको छैन । साथै विद्यमान जनशक्तिको क्षमता विकास गर्ने सम्बन्धमा थप पहल गर्नुपर्ने देखिन्छ भने कर्मचारी छिटोछिटो परिवर्तन हुँदा आयोगको काम कारवाहीमा प्रभाव पर्ने हुदा सो सम्बन्धमा समेत ध्यान दिन उपयुक्त देखिन्छ ।

**(च) प्रचलित नेपाल कानूनमा गर्नु पर्ने सुधारका सम्बन्धमाः**

(१) संविधान सभाबाट नेपालको संविधान पारित भई लागू भए पछि यसलाई पूर्णतः कार्यान्वयन गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले गरेको पहिचान अनुरुप संघिय स्तरमा करिब ११०, प्रदेश स्तरमा करिब २२ र स्थानिय स्तरमा करिब आधा दर्जन कानून बनाउन पर्ने  हुन्छ । यस प्रयोजनका लागि उक्त मन्त्रालयको सक्रियतामा नेपाल सरकारका बिभिन्न मन्त्रालय र अन्य सम्बद्ध निकायबाट विधेयकको मसौदा तयार गर्ने कार्य हुँदै आएको भए तापनि संविधान प्रारम्भ भएको करिब १० महिना व्यतित भैसक्दा पनि व्यवस्थापिका-संसदमा तत्सम्बन्धी अत्यावश्यक विधेयकहरु दर्ता भइसकेको पाइन्न । संविधानको पूर्णतः कार्यान्वयन  हाल मूलुकको राष्ट्रिय कार्यसूचि (Agenda) भएकोले संविधान अन्तर्गत बनाउनु पर्ने विधेयक तर्जुमा गर्न राज्यका उपलब्ध सबै निकाय परिचालन हुन वान्छनीय हुँदा त्यस्ता विधेयक मसौदा गर्न सम्बन्धित मन्त्रालय वा निकायलाई कुनै कठीनाई भएको भए आयोग मार्फत त्यस्ता विधेयक तर्जूमा गरी वा गराई छिटोभन्दा छिटो त्यस्ता विधेयक आवश्यक कारबाहीका लागि सम्बन्धित मन्त्रालय

मार्फत नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्ने गरी नेपाल सरकारले तत्कालीन नीति अख्तियार गर्नु पर्ने सुझाव दिइएको छ ।

(२) सम्वत २०७२ साल आश्विन ३ गते देखि नेपालको संविधान प्रारम्भ भइसकेको छ । नेपालको संविधानको धारा ३०४ बमोजिम संविधान जारी हुँदाका बखत कायम रहेका र संविधानसंग बाझिएका कानून संविधान बमोजिमको संघिय संसदको पहिलो अधिवेशन बसेको मितिले एक बर्षसम्म बहाल रहन सक्ने र त्यसपछि बाझिएको हदसम्म स्वतः अमान्य हुने व्यवस्था छ । संविधान प्रारम्भ भइसकेको अवस्थामा सो मिति भन्दा अगाडि नै प्रचलित कानूनको विस्तृत अध्ययन र सर्भेक्षण भई संविधान सम्मत नभएका कानूनको पहिचान गरी आवश्यक संशोधन विधेयक तयार गरी त्यस्तो अवस्था आउन नदिन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सक्रियतामा यस आयोगको समेत प्रतिनिधित्व रहने गरी अविलम्ब एक कार्यदल गठन गरी त्यसको अध्ययन र सर्भेक्षण गराउन पर्ने आयोगको सुझाव रहेको छ ।

(३) संविधानको भाग-३ मा प्रदत्त मौलिक हकमध्ये कानून बमोजिम प्रचलन गराउने वा कानून बनाई कार्यान्वयन गराउन सकिने मौलिक हकको सम्बन्धमा धारा ४७ बमोजिम हुने नै हुन्छ । कानूनको सन्दर्भ नदिई उल्लेख भएका वा कार्यान्वयन गर्न संविधानमा कानून बनाउनु पर्ने गरी वाध्यात्मक व्यवस्था नभएका मौलिक हकहरु संविधान प्रारम्भ भएको मितिबाट नै प्रभावकारी भएको मान्नु पर्ने हुन्छ । तर कतिपय त्यस्ता मौलिक हक (उदाहरणका लागि धारा ३१ को उपधारा (२) बमोजिमको अनिवार्य र निशुल्क आधारभूत शिक्षाको हक, धारा ३० को उपधारा (१) बमोजिमको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक, धारा ३५ को उपधारा (१) बमोजिमको निशुल्क आधारभूत स्वास्थ्य सेवाको हक, उपधारा (४) बमोजिमको स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक) संविधानमा व्यवस्था भएका छन, जसको कार्यान्वयनका लागि संविधान बमोजिम कानून बनाउनु पर्ने वाध्यता नभए तापनि ती हकहरु कानून बिना कार्यान्वयन हुन सक्दैनन् । त्यस्ता मौलिक हकको कार्यान्वयनका लागि अविलम्ब कानून बनाउने र त्यस प्रयोजनका लागि आवश्यक भएमा आयोगको सहयोग लिन सकिने गरि नीति अबलम्बन हुन सुझाव पेश गरिएको छ ।

(४) विगत केही बर्षदेखि कुनै व्यवसाय वा सेवा नियमन गर्न वा प्रशासन वा सार्वजनिक कार्यको व्यवस्थापन सम्बन्धी बन्दोवस्त गर्न कुनै ऐन अन्तर्गत वा कानूनको अख्तियारी विना पनि "निर्देशिका" जारी गर्ने प्रचलन व्यापक हुदै गएको देखिन्छ । निर्देशिका प्रत्यायोजित व्यवस्थापन अन्तर्गत जारी हुने एक सहायक विधायन (Subsidiary Legislation) भएको र यसबाट सारवान व्यवस्था (Substantive Provision) सृजना नभई कार्यविधिगत व्यवस्था मात्र बन्दोवस्त गर्न सकिने हुन्छ । कुनै विषयमा केही कार्यविधिगत सरलता कायम गर्न निर्देशिका जारी हुनु आवश्यक नै भए तापनि सार्वजनिक प्रशासन वा सार्वजनिक कार्यको व्यवस्थापन गर्न कुनै व्यवसाय, पेशा वा सेवा नियमन गर्नको लागि निर्देशिका जारी गर्ने कार्यबाट नेपालको संविधानद्धारा परिलक्षित कानूनको शासन कायम र सुदृढ हुन सहज नहुने तथा जुनसुकै बखत न्यायिक निर्णयबाट खारेज हुनसक्ने जोखिम रहने हुन्छ । तसर्थ, यस प्रकार कानूनको अख्तियारी विना निर्देशिका जारी गर्ने कामलाई अन्त्य गर्नु पर्ने सिफारिस गरिएको छ ।

(५) संविधानका कतिपय प्रावधानहरु संविधान प्रारम्भ हुनासाथ प्रभावकारी भए पनि व्यवहारमा त्यसको प्रभाव भए वा नभएको मूल्यांकन हुन सकेको देखिन्न । उदाहरणका लागि संविधानको धारा १८ को उपधारा (५) बमोजिम पैतृक सम्पतिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने र मुलुकी ऐन अंशवण्डाको महलको १ नं. बमोजिम अंशवण्डा गर्दा बाबु, आमा, छोरा, छोरीको समान अंश गर्नु पर्ने व्यवस्था भए पनि संविधान प्रारम्भ भएको करिब १० महिनाको अवधिमा पारित भएका अंशवण्डाका लिखतमा विवाहिता छोरीले अन्य अंशियार सरह अंश प्राप्त गर्न सक्ने व्यवस्था क्रियाशील भए वा नभएको र सम्बन्धित मन्त्रालयले पनि आफ्ना मातहतका कार्यालयलाई सम्बन्धित मन्त्रालयले अंशवण्डाको लिखत गरी अंशियार संख्या खुलाशा गर्नु पर्ने निर्देशन दिएको पाइदैन । त्यसरी नै संविधानको धारा ३८ को उपधारा (६) बमोजिम व्यवस्था भएको सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुने प्रावधान पनि हालसम्म आदर्शताको रुपमा मात्र रहेको हुदा त्यसलाई व्यवहारमा कार्यान्वयन गर्न आवश्यक व्यवस्था हुनु पर्ने सुझाव दिइएको छ ।

(६) सन् २००० मा इटालीको पालेर्मो (Palermo) मा सम्पन्न भएको बहुराष्ट्रिय संगठीत अपराधका विरुद्धमा व्यवस्था भएको सयुक्त राष्ट्रसंघीय महासन्धि (UN Convention Against Transnational Organized Crime) (जसमा सप्टेम्वर, २०१६ को अभिलेख

बमोजिम १८७ मुलुक पक्ष रहेको) को जुन, २०११ मा नेपाल पक्ष भए तापनि त्यस महासन्धिको पूरक प्रोटोकलको रुपमा रहेको तीन प्रोटोकलको नेपाल पक्ष रहेको छैन । त्यस्तो प्रोटोकलहरुमध्ये मानव ओसार पसार र विशेषगरी महिला र बाल वालिकाको ओसार पसारको निवारण, दमन तथा सजाय गर्ने प्रोटोकल (Protocol to Prevent, Supress and Punish Trafficking Supplementing UNC TOC) (जसको सेप्टम्वर, २०१६ को अभिलेख बमोजिम १६९ राज्यपक्ष रहेका) र सो महासन्धिको पूरक प्रोटोकलको रुपमा रहेको हातहतियार तथा त्यसको पाटपूर्जा र खरखजानाको गैर कानूनी उत्पादन तथा ओसार पसार विरुद्धको प्रोटोकल (Protocol Against Illicit Manifacturing of and Traffiking in Firearms, Their Parts and Components and Ammunition, Supplementing the UN TOC) (जसमा सेप्टम्बर, २०१६ को अभिलेख बमोजिम...राज्यपक्ष रहेका) अन्तर्गत निर्वाह गर्नुपर्ने दायित्व पूरा गर्न नेपाल कानूनमा मोटामोटी रुपमा आवश्यक व्यवस्था भइसकेको र त्यस्ता प्रोटोकलको नेपाल पक्ष बनेको अवस्थामा खासै कानूनी व्यवस्था पनि गर्न आवश्यक नहुने र प्रोटोकल अन्तरर्गतका कसुरको नियन्त्रणमा नेपालको अन्तराष्ट्रिय प्रतिवद्धता व्यक्त हुने हुनाले उपयुक्त दुई प्रोटोकलको नेपाल अविलम्व पक्ष हुनु पर्ने सुझाव पेश गरिएको छ ।

**(छ) वेव पेज सम्बन्धमा:**

आयोगको काममा प्रभावकारीता ल्याउनको लागि वेव पेजलाई छिटो छरितो बनाई समय मै अपलोड गर्न सक्ने गरी आयोगको आफ्नो छुट्टै सरवर राखी व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

(ज) **सुझाव कार्यान्वयन :**

आयोगले बार्षिक प्रतिवेदन मार्फत दिएको सुझाव कार्यान्वयन गर्ने प्रवृत्तिको विकास भएमा आयोगलाई आफ्नो कार्य सम्पादनमा प्रभावकारिता बढाउनमा थप हौसला र प्रेरणा मिल्ने विश्वास गरिन्छ ।

# अनुसूची-१

## पदाधिकारीको नामावली

| क्र.स | नाम | पद |
|---|---|---|
| १. | श्री माधव पौडेल | अध्यक्ष |
| २. | श्री भेष राज शर्मा | उपाध्यक्ष |
| ३. | श्री दुर्गा प्रसाद अर्याल, (नेपाल सरकारबाट मनोनित) | सदस्य |
| ४ | श्री विजया अर्याल, (नेपाल सरकारबाट मनोनित) | सदस्य |
| ५. | श्री वल बहादुर राई, (नेपाल सरकारबाट मनोनित) | सदस्य |
| ६. | श्री टेक प्रसाद ढुंङ्गाना, सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| ७. | श्री कमलशाली घिमिरे, सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| ८. | श्री खगराज पौडेल, नायव महान्यायधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| ९. | डा. रवि शर्मा अर्याल, का.मु सचिव, नेपाल कानून आयोग | सदस्य सचिव |

# अनुसूची-२

## नेपाल कानून आयोगमा बि.सं.२०१० सालदेखि हालसम्मका अध्यक्षको नामावली

| क्र.सं. | नाम | नियूक्ति मिति | कैफियत |
|---|---|---|---|
| १. | बडाकाजी श्री मणिकलाल राजभण्डारी | २०१०।०९।०६ | |
| २. | श्री बिनोद प्रसाद धिताल | २०२०।१०।०८ | |
| ३. | श्री नयन बहादुर खत्री | २०२९।०२।२९<br>२०३६।०८।२३ | |
| ४. | श्री बिश्वनाथ उपाध्याय | २०४१।०८।०२ | |
| ५. | श्री हरगोबिन्द सिंह प्रधान | २०५२।०१।१९ | |
| ६. | श्री निरञ्जन थापा | २०५९।११।१६ | |
| ७. | श्री बाबुराजा जोशी | २०६३।०४।१५ | |
| ८. | श्री उमेशचन्द्र झा | २०६८।०९।१२ | |
| ९. | श्री माधव प्रसाद पौडेल | २०७३।०३।२६ | |

# अनुसूची- ३

## हालसम्मका उपाध्यक्षको नामाबली

| क्र.सं. | नाम | नियूक्ति मिति | कैफियत |
|---|---|---|---|
| १. | श्री उदय नेपाली श्रेष्ठ | २०६०।०४।१९ | |
| २. | श्री हरिप्रसाद न्यौपाने | २०६३।०५।२६ | |
| ३. | श्री प्रचण्ड राज प्रधान | २०६८।०९।१२ | |
| ४. | श्री भेषराज शर्मा | २०७२।१०।१३ | |

# अनुसूची-४

## प्रशासनिक संगठन संरचना



# अनुसूची- ५

## कर्मचारी दरबन्दी

| | | |
|---|---|---|
| १. | सचिव (विशिष्ट श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | १ |
| २. | सहसचिव (रा.प. प्रथम श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | २ |
| ३. | उपसचिव (रा.प. द्बितीय श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | २ |
| ४. | शाखा अधिकृत (रा.प. तृतीय श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | ५ |
| ५. | लेखा अधिकृत (रा.प. तृतीय श्रेणी) नेपाल प्रशासन सेवा, लेखा समूह | १ |
| ६. | कम्प्यूटर इन्जिनियर (रा.प. तृतीय श्रेणी) नेपाल विविध सेवा | १ |
| ७. | नायव सुब्बा, नेपाल प्रशासन सेवा, सा.प्र. समूह | ३ |
| ८. | नायव सुब्बा, नेपाल न्याय सेवा कानून | ५ |
| ९. | कम्प्यूटर अप्रेटर,नेपाल विविध सेवा | १ |
| १०. | खरिदार, नेपाल न्याय सेवा, कानून समूह | ४ |
| ११. | हलुका सवारी चालक | ३ |
| १२. | कार्यालय सहयोगी | ४ |
| १३. | स्वीपर | १ |
| कूल दरबन्दी | | ३३ |

# अनुसूची- ६

## कार्यरत कर्मचारीको नामावली

| | | | |
|---|---|---|---|
| १) | डा. श्री रवि शर्मा अर्याल | – | का.मु सचिव |
| २) | श्री इन्दिरा दहाल (भट्टराई) | – | सह–सचिव |
| ३) | श्री मुना शर्मा | – | उप–सचिव |
| ४) | श्री रिन्जा डंगोल | – | उप-सचिव |
| ५) | श्री अरुण कुमार श्रेष्ठ | – | लेखा अधिकृत |
| ६) | श्री स्मृति पोखरेल | – | शाखा अधिकृत |
| ७) | श्री हिमाल चन्द्र अर्याल | - | शाखा अधिकृत |
| ८) | श्री मनुका घिमिरे | – | शाखा अधिकृत |
| ९) | श्री सुवर्ण वहादुर मल्ल ठकुरी | – | नायब सुब्बा |
| १०) | श्री गोविन्द बहादुर कार्की | – | नायब सुब्बा |
| ११) | श्री झलक के.सी. | – | नायब सुब्बा |
| १२) | श्री श्रीधर रिसाल | – | कम्प्युटर अपरेटर (सेवा करार) |
| १३) | श्री कृष्ण गोविन्द महर्जन | – | हलुका सवारी चालक |
| १४) | श्री खिलप्रसाद दाहाल | – | हलुका सवारी चालक |
| १५) | श्री बहादुर महर्जन | – | हलुका सवारी चालक |
| १६) | श्री धन बहादुर क्षेत्री | – | हलुका सवारी चालक (सेवा करार) |
| १७) | श्री राम प्रसाद राजबाहक | – | हलुका सवारी चालक (सेवा करार) |
| १८) | श्री शम्भु थापा मगर | – | कार्यालय सहयोगी |
| १९) | श्री मिठे राना | – | कार्यालय सहयोगी |
| २०) | श्री रामबहादुर रानामगर | – | कार्यालय सहयोगी |
| २१) | श्री दिलशोभा पोडे | – | स्विपर |
| २२) | श्री सविता राना | – | कार्यालय सहयोगी (सेवा करार) |
| २३) | श्री सृजना लम्साल | – | कार्यालय सहयोगी (सेवा करार) |

# अनुसूची- ७

## आयोगको वर्तमान भौतिक अवस्थाको विवरण

| | | |
|---|---|---|
| (क) | आयोगको आफ्नो स्थायी भवन | - नभएको |
| (ख) | सवारी साधन विवरण | |
| | कार | - ४ वटा |
| | जीप | - २ वटा |
| | मोटरसाइकल संख्या | - ६ वटा |
| (ग) | अन्य भौतिक स्रोत साधन | |
| | डेक्सटप कम्प्युटर संख्या | - २४ सेट |
| | प्रिन्टर संख्या | - ११ थान |
| | ल्यापटप कम्प्युटर संख्या | - १९ थान |
| | फ्याक्स संख्या | - २ थान |
| | फोटोकपी मेशिन संख्या | - २ थान |
| | क्यामरा | - १ थान |
| | प्रोजेक्टर | - २ थान |
| | मल्टिफङ्सन | - १ थान |
| | स्कयानिङ मसिन | - २ थान |
| | टेलीभिजन | -१ थान |

## अनुसूची- ९

**प्रशासकीय अधिकारीले मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावना :** प्रशासकीय अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि तय गरी स्पष्टता, एकरुपता एवं पारदर्शिता कायम गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रशासकीय अधिकारीले मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी ऐन, २०७२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उजुरी" भन्नाले दफा ४ बमोजिमको उजुरी वा निवेदन सम्झनु पर्छ ।

(ख) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अर्न्तगत बनेको ऐनमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "प्रशासकीय अधिकारी" भन्नाले प्रचलित कानून बमोजिम मुद्दाको कारबाही र किनारा गर्न पाउने अधिकार प्राप्त प्रशासकीय अधिकारी सम्झनु पर्छ र सो शब्दले त्यस्तो अधिकार प्रयोग गर्न पाउने गरी खास अधिकारी नतोकी निकाय मात्र तोकिएकोमा त्यस्तो निकायको प्रमुख समेतलाई जनाउँछ ।

(घ) "मुद्दा" भन्नाले प्रचलित कानून बमोजिम प्रशासकीय अधिकारीले कारबाही र किनारा गर्ने मुद्दा सम्झनु पर्छ ।

### परिच्छेद-२

### मुद्दाको कारबाही र किनारा गर्ने

३. **यस ऐन बमोजिमको कार्यविधि अपनाउनु पर्ने** : (१) प्रशासकीय अधिकारीले मुद्दाको कारबाही र किनारा गर्दा यस ऐन बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम कुनै कसूरका सम्वन्धमा तत्काल सचेत गराउने वा तत्कालै पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने गरी प्रशासकीय अधिकारीलाई अधिकार रहेकोमा सो बमोजिम सचेत गराउँदा वा जरिवाना गर्दा यस ऐन बमोजिमको कार्यविधि अपनाउनु पर्ने छैन ।

४. **उजुरी दर्ता गर्ने** : (१) प्रचलित कानून बमोजिम कुनै व्यक्ति उपर मुद्दा चलाउनु पर्दा त्यस्तो मुद्दा चलाउन चाहने पक्षले प्रशासकीय अधिकारीले तोकिदिएको कुनै कर्मचारी समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी दिदां त्यस्तो उजुरीमा मुद्दा चलाउनु पर्ने व्यक्तिहरुको नाम र ठेगाना, निज उपर लगाईएको आरोप, तत् सम्बन्धी प्रमाण, सम्बन्धित कानून लगायत अन्य आवश्यक कुराहरु स्पष्ट खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिदिएको सम्बन्धित कर्मचारीले उजुरी कार्यालयको दर्ता किताबमा दर्ता गरी दर्ता गर्न ल्याउनेको दस्तखत वा सहीछाप गराई त्यसको दर्ता नम्बर र मिति जनाई दर्ता गर्ने व्यक्तिलाई निस्सा दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम उजुरी दर्ता गर्न नमिल्ने भएमा सो को कारण खुलाई दरपीठ गरी उजुरी सम्वन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम दरपीठ गरिएको उजुरीमा चित्त नबुझ्ने व्यक्तिले दरपीठ आदेशको जानकारी पाएको मितिले सात दिनभित्र त्यस्तो आदेश उपर प्रशासकीय अधिकारी समक्ष दर्ताका लागि निवेदन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम दिएको निवेदन मनासिव देखिएमा प्रशासकीय अधिकारीले उपदफा (४) वमोजिमको दरपीठ आदेश बदर गरी त्यस्तो उजुरी दर्ता गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम आदेश भएकोमा उपदफा (३) बमोजिम त्यस्तो उजुरी दर्ता गर्नु पर्नेछ ।

**५** **उजुरी दर्ता दस्तुर** : (१) प्रचलित कानूनमा उजुरी दर्ता गर्न दस्तुर तोकिएकोमा सोही बमोजिमको दस्तुर र दस्तुर नतोकिएकोमा सय रुपैयाँ दस्तुर वापत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फौजदारी मुद्दा दर्ता गर्दा कुनै दस्तुर लाग्ने छैन ।

६. **म्याद सूचना तामेल गर्ने** : (१) दफा ४ बमोजिम उजुरी दर्ता भएपछि प्रशासकीय अधिकारीले प्रतिवादीका नाममा पन्ध्र दिनको म्याद दिई म्याद वा सूचना तामेल गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम म्याद वा सूचना तामेल गर्दा दफा ४ बमोजिमको उजुरीसाथ पेश भएका प्रमाण कागजातको प्रतिलिपि समेत संलग्न गरी पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम म्याद तामेल हुन नसकेमा देहाय बमोजिम विद्युतीय माध्यम वा पत्रिकामा सूचना प्रकाशन गरेर वा अन्य सरकारी अड्डा वा स्थानीय निकाय समेतबाट पनि म्याद तामेल गराउन सकिनेछ । यसरी तामेल भएको म्याद रीतपूर्वक तामेल भएको मानिनेछ :-

(क) म्याद तामेल गरिनु पर्ने व्यक्तिको कुनै टेलेक्स, फ्याक्स, ईमेल वा अभिलेख हुन सक्ने विद्युतीय माध्यमको ठेगाना भए सो माध्यमबाट,

(ख) मुद्दाको प्रकृति हेरी प्रतिवादीले म्याद तामेली भएको जानकारी सहज रुपमा पाउन सक्ने मनासिब आधार र कारण छ भनी प्रशासकीय अधिकारीबाट आदेश भएमा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरेर वा विद्युतीय माध्यम रेडियो तथा टेलिभिजनबाट सूचना प्रसारण गर्नुपर्ने,

यसरी खण्ड (ख) बमोजिम सूचना प्रकाशन गर्ने खर्च वादीबाट लिई पछि प्रतिवादीबाट वादीलाई भराई दिनु पर्छ ।

(ग) अन्य सरकारी कार्यालय वा स्थानीय निकाय मार्फत तामेल गर्न पठाउँदा सो म्याद तामेल हुन सक्ने मनासिव आधार छ भनी इजलासबाट आदेश भएमा सो निकायबाट समेत म्याद तामेल गर्न गराउन सकिनेछ ।

(४) म्याद वा सूचना तामेल गर्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

७. **प्रतिवाद पेश गर्नु पर्ने** : (१) दफा ६ बमोजिम म्याद वा सूचना, तामेल भएपछि प्रतिवादीले म्याद वा सूचनामा तोकिएको म्यादभित्र सम्बन्धित प्रशासकीय अधिकारी समक्ष आफै वा वारेस वा कानून व्यवसायी मार्फत लिखित प्रतिवाद वा प्रतिउत्तर पत्र पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवाद वा प्रतिउत्तर पत्र पेश गर्दा आफूसँग भएका प्रमाण कागजातका प्रतिलिपि समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

८. **पेशी सूची (कजलिष्ट) प्रकाशन गर्नु पर्ने** : मुद्दा दर्ता गर्न तोकिएको कर्मचारीले दफा ७ बमोजिम प्रतिवाद वा प्रतिउत्तर पत्र पेश भएपछि वा दफा २० बमोजिम अभियुक्त वा प्रतिवादीको बयान कागज भईसकेपछि पेशी तारिख तोकिएका मुद्दाहरुको तोकिए बमोजिमको ढाँचामा साप्ताहिक तथा दैनीक पेशी सूची (कजलिष्ट) तयार गरी प्रशासकीय अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) प्रशासकीय अधिकारीले उपदफा (१) बमोजिमको पेशी सूची (कजलिष्ट) मुद्दाको दर्ता मितिको आधारमा देहायको क्रममा तयार गरी प्रकाशन गराउनु पर्नेछ :-

(क) अघिल्लो दिन हेर्दाहेर्दै बाँकी रहेको मुद्दा,

(ख) थुनुवा भएको मुद्दा,

(ग) अपाङ्गता भएको व्यक्ति तथा नाबालक पक्ष भएको मुद्दा,

(घ) शारीरिक अशक्तता भएका वा सत्तरी वर्ष उमेर पूरा गरेका व्यक्ति,

(ङ) पूर्व आदेशानुसार पेशीको निश्चित मिति तोकिएको मुद्दा,

(च) मुद्दा दर्ताको क्रमअनुसार पहिले दर्ता भएका अन्य मुद्दाहरु ।

(३) प्रशासकीय अधिकारीले उपदफा (१) तथा (२) बमोजिम प्रकाशन भएको पेशी सूची अनुसार दर्ता भएका मुद्दाहरुको कारबाही र किनारा क्रमैसँग गर्नु पर्नेछ ।

(४) उपदफा (१) तथा (२) बमोजिम पेशी सूची प्रकाशन गरीसकेपछि थुनामा रहेका अभियुक्त एवम् सरकारी वकील र मुद्दाका पक्षलाई पेशीको सूचना दिनु पर्नेछ ।

तर तारिखमा रहेका पक्षलाई छुट्टै सूचना दिइरहनु पर्ने छैन ।

९. **तारिखमा राख्नु पर्ने** : (१) दफा ४ बमोजिम उजुरी दर्ता गरेपछि उजुरीकर्तालाई र दफा ६ बमोजिम प्रतिवाद पेश गरेपछि मुद्दाका पक्षहरुलाई तारिखमा राख्नु पर्नेछ ।

(२) मुद्दाका पक्षहरुलाई तारिख तोक्दा सो तोकिएका तारिखका दिन गरिने कामको व्यहोरा तोकिए बमोजिमको तारिख भर्पाई र तारिख पर्चामा खुलाइ मुद्दाका दुवै पक्षलाई एकै मिलानको मिति, समय उल्लेख गरी तारिख तोक्नु पर्छ ।

(३) उपदफा (२) बमोजिम तारिख तोकिएको मितिमा तोकिएको समयमा हाजिर हुन नआई ढिलो गरी हाजिर हुन आउने मुद्दाको अर्को पक्षलाई तारिख दिँदा पहिले तारिख लिई गएको पक्षलाई तोकिएको मिति र समयकै मिलान हुने गरी तारिख तोक्नुपर्छ ।

(४) तोकिएको तारिखको समयमा मुद्दाका दुवै पक्ष उपस्थित भएमा दुबै पक्षलाई राखी मुद्दामा गर्नु पर्ने कारबाही गर्नु पर्छ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि तारिखमा तोकिएको समयमा मुद्दाका कुनै पक्ष उपस्थित हुन नआएमा मुद्दामा गर्नु पर्ने कारबाही गर्न, अर्को पक्षलाई तारिख दिन वा मुद्दाको सुनुवाइ गर्न बाधा पर्ने छैन ।

१०. **प्रमाण बुझ्ने** : प्रशासकीय अधिकारीले दफा ९ बमोजिम तोकिएको तारिखका दिन उपस्थित भएका मुद्दाका दुवै पक्षले पेश गरेका प्रमाण एवं अन्य कागजातहरु एक अर्कालाई पढीवाची सुनाई साँचो झुट्टा के हो सो बारेमा लिखित बयान गराउनु पर्नेछ ।

११. **मुद्दाको सुनुवाई गर्ने** : (१) प्रशासकीय अधिकारीले दुवै पक्षको कुरा सुनी वा मुद्दाका पक्षहरुले कानून व्यवसायी मुकरर गरेको भए निजहरुको बहस पैरवी समेत सुनी मुद्दाको सुनुवाई तथा किनारा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दाको सुनुवाई तथा किनारा दुवै पक्षको रोहवरमा गर्नु पर्नेछ ।

(३) कानून व्यवसायी मुकरर गरेको भएमा निजहरुको बहस पैरवी सुन्न इजलास कायम गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम इजलास कायम गर्दा महिला तथा बालबालिका समावेश भएका तथा मुद्दाको प्रकृति एवं संवेदनशीलतालाई विचार गरी बन्द इजलासमा मुद्दाको सुनुवाई गर्न सकिनेछ ।

१२. **थप प्रमाण बुझ्ने** : दफा ११ बमोजिम मुद्दाको सुनुवाईको क्रममा मुद्दाको थप प्रमाण बुझ्न आवश्यक देखिएमा प्रशासकीय अधिकारीले मुद्दाका पक्षहरुलाई त्यस्तो प्रमाण कागजात पेश गर्न तारिख तोकि आदेश दिन सक्नेछ ।

१३. **स्वार्थ बाझिएको मुद्दा हेर्न नहुने :** (१) प्रशासकीय अधिकारीले देहायका मुद्दाको कारबाही र किनारा गर्न हुँदैन :-

(क) आफ्नो वा आफ्नो नजिकको नातेदारको हक, हित वा सरोकार रहेको मुद्दा,

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि “नजिकको नातेदार” भन्नाले अपुताली खुला हुँदा कानून बमोजिम अपुताली प्राप्त गर्न सक्ने प्राथमिकताक्रममा रहेको व्यक्ति, मामा, माइजू, सानी आमा, ठूलीआमा, सानो बाबु, ठूलो बाबु, पति वा पत्नी तर्फका सासु, ससुरा, फूपू, फूपाजु, साला, जेठान, साली, दिदी, बहिनी, भिनाजु, बहिनी ज्वाई, छोरी ज्वाई, भाञ्जा, भाञ्जी, भाञ्जी ज्वाई, भाञ्जी बुहारी तथा त्यस्तो नाताका व्यक्तिको एकासगोलमा रहेको परिवारको सदस्य सम्झनु पर्छ ।

(ख) निजले कार्यालय प्रमुखको हैसियतमा कुनै कार्यालयमा आदेश गरेको मुद्दा,

(ग) कुनै बखत निजले मुद्दा चल्ने वा नचल्ने विषयमा राय दिएको मुद्दा,

(घ) अन्य कुनै कारणले आधारभूत रुपमा निज र निजको एकासगोलका परिवारका सदस्यको स्वार्थ बाझिएको मुद्दा ।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था देखिएमा प्रशासकीय अधिकारीले मुद्दा हेर्न नहुने कारण खुलाई आदेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) को प्रतिकूल हुने गरी कुनै प्रशासकीय अधिकारीले कुनै मुद्दाको कारबाही र किनारा गर्न लागेमा मुद्दाको कुनै पक्षले आवश्यक प्रमाण सहित मुद्दाको कारबाही किनारा नगर्न निवेदन दिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिमको अवस्थामा सोही कार्यालयमा समान अधिकारको अन्य अधिकारी भए निजले र त्यस्तो अधिकारी नभए मुद्दा हेर्न नमिल्ने कारण खुलाई आफू माथिको कार्यालय वा अधिकारी समक्ष मुद्दाको फाइल पेश गर्नु पर्नेछ र पक्षहरुलाई समेत सोही अधिकारी समक्ष पठाउनु पर्नेछ ।

१४. **निर्णय गर्नु पर्ने** : (१) यस ऐन बमोजिम पेशी तारिख तोकिएको मितिमा मुद्दाको सुनुवाई गर्दा मुद्दाको किनारा गर्न पर्याप्त आधार भएमा प्रशासकीय अधिकारीले मुद्दाको निर्णय सोही दिन गर्नुपर्नेछ र सो निर्णयको संक्षिप्त विवरण राय किताबमा लेखी प्रशासकीय अधिकृतले दस्तखत गरी उपस्थित भएका पक्षहरुलाई निर्णय पढीवाची सुनाई राय किताबमा सहीछाप समेत गराई राख्नु पर्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि “राय किताब” भन्नाले प्रशासकीय अधिकारीले मुद्दामा ठहर गरेको विषय र त्यसका आधार संक्षिप्त रुपमा अभिलेख राख्न खडा गरेको किताब सम्झनु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पेशी तारिख तोकिएको मितिमा कुनै कारणले मुद्दाको निर्णय गर्न नसकिएमा पक्षहरुलाई यथाशक्य चाँडो अर्को पेशी तारिख तोक्नु पर्नेछ ।

१५. **निर्णय गर्दा खुलाउनु पर्ने कुराहरु** : (१) प्रशासकीय अधिकारीले दफा १५ बमोजिमको मुद्दाको निर्णयमा देहाय बमोजिमका कुराहरु खुलाई तोकिए बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ ।

(२) पक्ष विपक्षको दाबी तथा जिकिर, निर्णय गर्नु पर्ने विषय, दुवै पक्षका प्रमाणका कुराहरु, कानूनी प्रश्न भएकोमा त्यसको व्याख्या समेतको व्यहोरा प्रशासकीय अधिकारीले आफ्नो निर्णयमा खुलाउनु पर्नेछ ।

(३) उपदफा (२) मा लेखिएको कुराको अतिरिक्त देहायका कुराहरु समेत स्पष्ट रुपले खुलाउनु पर्नेछ :-

(क) तथ्यको विश्लेषण,

(ख) मुद्दाका कुनै पक्षको तर्फबाट कानुन व्यवसायी उपस्थित भई कुनै बहसनोट पेश गरेको भए त्यस्तो बहसनोटको र बहस मात्र गरेको भए निजले बहस गर्दा लिएको आधारको मुख्य मुख्य बुँदाहरू,

(ग) निर्णय गर्नको निमित्त ग्रहण गरिएका सम्बन्धित प्रमाण तथा कारण र आधार,

(घ) निर्णय कार्यान्वयन गर्नको लागि गर्नु पर्ने विषयहरुको तपसिल खण्ड ।

(ङ) फौजदारी मुद्दाको निर्णयमा अभियुक्तले कुन ऐनको कुन दफा वा व्यवस्था अन्तर्गत अपराध गरेको ठहर्छ र निजलाई कुन ऐनको कुन दफा वा व्यवस्था अन्तर्गत के कति कस्तो किसिमको सजाय दिनु पर्ने हो सो कुरा,

(च) उपदफा (१) बमोजिमको निर्णय उपर पुनरावेदन लाग्न सक्ने भएमा के कति दिनभित्र कुन अदालत वा अधिकारी समक्ष पुनरावेदन लाग्न सक्ने हो सो कुरा पनि उल्लेख गर्ने ।

**१६. मुद्दा छिन्नु पर्ने अवधि** : (१) प्रशासकीय अधिकारीले प्रतिउत्तर दाखिल भएको वा प्रतिवादीको बयान भएकोमा सो भएको मितिले र प्रतिउत्तर दाखिल नभएको वा प्रतिवादीको बयान नभएकोमा सो हुने म्याद भुक्तान भएको मितिले नब्बे दिनभित्र मुद्दाको किनारा गर्नु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दा किनारा गर्न अंग पुगी सकेको भए सो मितिले सात दिन भित्र किनारा गर्नु पर्छ ।

१७. **सरोकारवाला व्यक्तिलाई नक्कल सार्न दिनु पर्ने** : (१) मुद्दाका कुनै पक्षले मिसिल संलग्न कागजातको नक्कल लिन चाहेमा तोकिए बमोजिमको दस्तुर बुझी नक्कल सार्न दिनु पर्नेछ ।

(२) मुद्दा सम्बन्धी कागजातको नक्कल सो मुद्दासँग सम्बन्धित पक्ष विपक्ष वा मुद्दाको सरोकारवाला व्यक्ति वा कानून व्यवसायीले लिन पाउनेछ ।

(३) उपदफा (१) बमोजिम नक्कल लिन चाहने व्यक्तिले नक्कल लिन चाहेको कागजातको विवरण उल्लेख गरी निवेदन वापत तोकिए बमोजिमको दस्तुर वा सो बराबरको हुलाक टिकट टाँसी निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम नक्कल लिनको लागि निवेदन पर्न आएमा नक्कलको शीरमा नक्कल दिएको व्यहोरा जनाई दर्ता गर्ने अधिकारी वा निजले तोकेको कर्मचारीले प्रमाणित गरी कार्यालयको छाप लगाई निवेदनमा नक्कल प्राप्त भयो भन्ने व्यहोरा लेखी निवेदकको सही गराई नक्कल दिनु पर्नेछ ।

(६) यस ऐन र अन्य नेपाल कानून बमोजिम नक्कल दस्तुर नलाग्नेको हकमा आफ्नै तर्फबाट मात्र नक्कल सारी लानु पर्नेछ ।

## परिच्छेद-३

## फौजदारी मुद्दाको कारबाही सम्बन्धी थप कार्यविधि

१८. **थप कार्यविधि अपनाउनु पर्ने** : परिच्छेद्-२ मा लेखिए देखि बाहेक फौजदारी मुद्दाको कारबाही र किनारा गर्दा यस परिच्छेद बमोजिम थप कार्यविधि अपनाउनु पर्नेछ ।

१९. **बयान गराउनु पर्ने** : (१) उजुरीसाथ पेश भएका वा म्यादभित्र हाजिर हुन आएका अभियुक्त तथा प्रतिवादीको बयान गराउनु पर्नेछ ।

(२) बयान गराउने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२०. **धरौट वा जमानत माग्ने वा पुर्पक्षको लागि थुनामा राख्न सक्ने** : (१) कुनै अभियुक्तको हकमा तत्काल प्राप्त प्रमाणबाट कसूरदार हो भन्ने विश्वास गर्नु पर्ने कुनै मनासिव आधार भएमा प्रशासकीय अधिकारीले त्यस्तो अभियुक्तसँग धरौट वा जमानत लिई मुद्दाको पुर्पक्ष गर्नु पर्नेछ ।

(२) शुरुमा धरौट वा जमानत माग नगरिएको तर पछि प्राप्त प्रमाणबाट कुनै अभियुक्तलाई कसूरदार हो भन्ने विश्वास गर्नु पर्ने कुनै मनासिव कारण र आधार भएमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि प्रशासकीय अधिकारीले निजसँग धरौट वा जमानत माग्न सक्नेछ ।

(३) कुनै अभियुक्तसँग लिएको धरौट वा जमानत मुद्दाको कारबाही चल्दै जाँदा पछि कुनै बखत अपर्याप्त देखिन आएमा प्रशासकीय अधिकारीले निजसँग थप धरौट वा जमानत माग्न सक्नेछ ।

(४) धरौट वा जमानतमा रहेको अभियुक्तको मुद्दाको कारबाही गर्दै जाँदा पछि प्राप्त हुन आएको कुनै प्रमाणबाट अभियुक्त कसूरदार होइन भन्ने विश्वास गर्नुपर्ने कारण र आधार मनासिव लागेमा सोको स्पष्ट कारण र आधार खुलाई मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भएपनि त्यस्तो अभियुक्तसँग धरौट वा जमानत माग गर्ने आदेश रद्द गरी धरौट वा जमानत रहेको रकम फिर्ता वा फुकुवा गरी दिनुपर्नेछ र यस्तो अवस्थामा धरौट वा जमानत दिन नसकेको कारणबाट कुनै अभियुक्त थुनामा परेको भए त्यस्तो अभियुक्तलाई थुनाबाट छाडी दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम अभियुक्तसँग धरौट वा जमानत माग गर्दा अपराधको प्रकृति, अभियुक्त वा कसूरदारको आर्थिक अवस्था एवं पारिवारिक स्थिति, निजको उमेर र पहिले कुनै अपराधको कसूरदार ठहरी सजाय पाएको छ वा छैन भन्ने कुरा, निज कसूरदार ठहरिएमा निजलाई हुन सक्ने सजाय र निजले तिर्नुपर्ने बिगो तथा क्षतिपूर्तिको विचार गरी धरौट वा जमानतको अङ्क तोक्नु पर्नेछ ।

(६) यस दफा बमोजिम प्रशासकीय अधिकारीले मागेको धरौट वा जमानत नदिने अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरिनेछ ।

(७) यस दफा बमोजिम अभियुक्तसँग धरौट वा जमानत माग्दा वा लिएको धरौट वा जमानत फिर्ता वा फुकुवा गर्दा, धरौट वा जमानतको अंक तोक्दा वा थप धरौट वा जमानत माग्दा प्रशासकीय अधिकारीले कारण सहितको आदेश जारी गर्नु पर्छ ।

(८) प्रचलित कानूनमा थुनामा नै राखी कुनै मुद्दाको कारबाही गर्नु पर्ने भनी तोकेकोमा सो मुद्दाको कसूरदारलाई थुनामा नै राखी मुद्दाको कारबाही र किनारा गर्नु पर्नेछ ।

२१. **साक्षी परीक्षण** : (१) कुनै मुद्दाको कारबाहीका सम्बन्धमा उपस्थित हुन आएका साक्षीको परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम साक्षीको परीक्षण गराउने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२२. **मुलतवी राख्ने** : (१) प्रचलित कानून बमोजिम वारिस राख्न नपाउने अवस्थामा कुनै कसूरदारको कुनै अर्को कार्यालयमा पनि मुद्दा परेको रहेछ भने वा कुनै एक कार्यालयमा परिरहेको मुद्दाको निर्णय भै नसकी अर्को कार्यालयमा परेको मुद्दाको निर्णय हुन नसक्ने रहेछ भन्ने जानकारी भएमा प्रशासकीय अधिकारीले मुद्दा मुलतबी राखिदिनु पर्नेछ ।

(२) मुलतवी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## विविध

२३. **निर्णय कार्यान्वयन** : (१) प्रचलित कानूनमा अन्यथा लेखिएकोमा बाहेक यस ऐन बमोजिम गरिएको निर्णयको कार्यान्वयन मुद्दा दर्ता गर्न तोकिएको कर्मचारीले नै गर्नेछ ।

(२) निर्णय कार्यान्वयन गर्ने कर्मचारीले गरेको आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेशको जानकारी पाएको सात दिनभित्र प्रशासकीय अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(३) प्रचलित कानून बमोजिम मुद्दा दोहोऱ्याई पाउँ भनी वा पुनरावलोकनको लागि अधिकार प्राप्त अदालतमा निवेदन परेको विषयमा त्यस्तो अदालतले अन्यथा आदेश दिएमा बाहेक निर्णय कार्यान्वयन गर्ने कार्य रोकिने छैन ।

(४) कैद, जरिवानाको लगत राख्ने, असूल तहसिल लगायतका निर्णय कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. **वैतनिक तथा अन्य कानून व्यवसायीको सहयोग लिन सकिने** : (१) प्रशासकीय अधिकारीले सम्भव भएसम्म कानून व्यवसायीको प्रतिनिधित्व विना मुद्दाको सुनुवाई गर्नु हुँदैन ।

तर कुनै पनि मुद्दामा कानून व्यवसायीको प्रतिनिधित्व नभएको भन्ने आधारमा मात्र सुनुवाई गर्न बाधा पर्ने छैन ।

(२) प्रशासकीय अधिकारीले कुनै पनि मुद्दाका असमर्थ पक्षको तर्फबाट वहस गर्न कानून व्यवसायीको सहायता उपलव्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि प्रशासकीय अधिकारीले सम्बन्धित जिल्ला अदालतसँग समन्वय गरी वैतनिक वकीलको वा जिल्ला कानूनी सहायता समिति वा स्थानीय बार एकाइसँग समन्वय गरी सहयोग लिन सक्नेछ ।

२५. **पुनरावेदनको म्याद दिनु पर्ने** : प्रशासकीय अधिकारीले गरेको निर्णय सम्बन्धमा प्रचलित कानूनमा नै पुनरावेदनको म्याद तोकिदिएकोमा सोही बमोजिमको र त्यस्तो म्याद नतोकिएकोमा पैंतीस दिनको पुनरावेदन गर्ने म्याद दिनु पर्नेछ ।

२६. **म्याद तारिख थाम्न पाउने व्यवस्था** : यस ऐनको कार्यविधि अपनाउनु पर्ने मुद्दामा गुज्रेको म्याद वा तारिख थमाउन पाइने छैन ।

तर पक्षको काबु भन्दा बाहिरको परिस्थितिले गर्दा म्याद वा तारिख गुज्रेको भन्ने प्रशासकीय अधिकारीलाई लागेमा एकै पटक वा दुई पटकसम्म गरी जम्मा पन्ध्र दिनसम्मको म्याद तारिख थाम्न सकिनेछ ।

२७. **मिलापत्र गराउन सक्ने** : (१) प्रचलित कानून बमोजिम मिलापत्र गराउन मिल्ने मुद्दामा जुनसुकै तहमा पनि मिलापत्र गर्न चाहेमा सोही व्यहोरा उल्लेख गरी पक्षहरुले संयुक्त निवेदन दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम मिलापत्रको लागि निवेदन दिएमा प्रशासकीय अधिकारीले निवेदनको व्यहोरा, त्यसको मतलब र परिणाम सम्बन्धित पक्षहरुलाई सुनाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सुनाउँदा पनि मुद्दाका पक्षहरुले मिलापत्र गर्न मञ्जुर गरेमा प्रशासकीय अधिकारीले मिलापत्रको तीन प्रति मस्यौदा तयार गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम तयार भएको मिलापत्रको व्यहोरा पक्षहरुलाई सुनाउँदा पक्षहरु मिलापत्र गर्न सहमति भएमा त्यस्तो मिलापत्रको कागजमा दुवै पक्षहरुको सहीछाप गराई प्रशासकीय अधिकारीले आफ्नो रोहवरमा सो मिलापत्र भएको व्यहोरा प्रमाणीकरण गरी एक प्रति सम्बन्धित मिसिलमा राखी वादी र प्रतिवादीलाई एक-एक प्रति दिनु पर्नेछ ।

(५) मिलापत्रको ढाँचा र यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **मेलमिलाप सम्वन्धी व्यवस्था** : (१) प्रचलित कानून वमोजिम मिलापत्र गर्न मिल्ने मुद्दामा प्रशासकीय अधिकारीले मुद्दाका पक्षहरु बिचमा मेलमिलाप गराउन सक्नेछ ।

(२) पक्षहरुले जुनसुकै तहमा विचाराधीन रहेको मुद्दाको मेलमिलापको माध्यमबाट विवादको समाधान गर्न संयुक्त रुपमा प्रशासकीय अधिकारी समक्ष निवेदन दिन सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम निवेदन दिएकोमा मेलमिलापबाट विवादको निरुपण हुन उपयुक्त देखिएमा प्रशासकीय अधिकारीले त्यस्तो मुद्दा मेलमिलापको माध्यमबाट विवादको निरुपण गर्न आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेशपछि मेलमिलाप सम्बन्धी कारबाही प्रारम्भ गरी पक्षहरुबीच मिलापत्र गराई दिनुपर्नेछ ।

(५) यस दफा बमोजिम मेलमिलापको माध्यमबाट मुद्दाको निरुपण गर्न आदेश दिइएकोमा सो माध्यमबाट मुद्दाको निरुपण हुन नसकेमा प्रशासकीय अधिकारीले पक्षहरुलाई तारिख तोकी त्यस्तो मुद्दा कानून बमोजिम कारबाही, सुनुवाई  र किनारा गर्नु पर्नेछ ।

(६) मेलमिलाप सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **मिलापत्र वा मेलमिलाप हुन नसक्ने :** दफा २८ वा २९ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वादी भई चलेको मुद्दा र सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति सम्बन्धी मुद्दाका पक्षहरु बीच मिलापत्र हुन वा मेलमिलापको माध्यमबाट निरुपण हुन सक्ने छैन ।

तर सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति कायम हुने गरी मिलापत्र गर्न भने बाधा पर्ने छैन ।

३०. **इजलासमा लगाउने पोशाक :** आशौच बारेको अवस्थामा वाहेक प्रशासकीय अधिकारीले इजलासमा बस्दा नेपाल सरकारले तोके बमोजिमको पोशाक लगाउनु पर्नेछ ।

३१. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिए जति विषयमा यसै ऐन बमोजिम र यस ऐनमा नलेखिएका कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

३२. **नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

# अनुसूची- १०

**महाभियोग सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक**

**प्रस्तावना** : नेपालको संविधान बमोजिम राष्ट्रपति, उपराष्ट्रपति, प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य र संवैधानिक निकायका प्रमुख वा पदाधिकारी विरुद्ध महाभियोगको प्रस्ताव उपरको कारबाही गर्न महाभियोग सम्बन्धी कानूनमा संशोधन र एकिकरण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "महाभियोग सम्बन्धी ऐन, २०७२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आचार संहिताको गम्भीर उल्लंघन" भन्नाले दफा ८ बमोजिमको अवस्था सम्झनु पर्छ ।

(ख) "इमान्दारीपूर्वक पदीय कर्तव्य पालना नगरेको" भन्नाले दफा ६ बमोजिमको अवस्था सम्झनु पर्छ ।

(ग) "उजुरी" भन्नाले दफा ३ को उपदफा (२) बमोजिमका आधारमा महाभियोगबाट पदमुक्त हुने व्यक्ति विरुद्ध संविधानको धारा १०१ को उपधारा (५) बमोजिम प्राप्त हुने सूचना, जानकारी वा उजुरी सम्झनु पर्छ ।

(घ) "कार्यक्षमताको अभाव" भन्नाले दफा ५ बमोजिमको अवस्था सम्झनु पर्छ ।

(ङ) "खराब आचरण" भन्नाले दफा ७ बमोजिमको अवस्था सम्झनु पर्छ ।

(च) "पदाधिकारी" भन्नाले संविधान तथा यस ऐन बमोजिम महाभियोगको प्रस्ताव उपर कारबाही हुने देहायका पदाधिकारी सम्झनु पर्छ :-

(१) राष्ट्रपति,

(२) उपराष्ट्रपति,

(३) प्रधान न्यायाधीश,

(४) सर्वोच्च अदालतका न्यायाधीश,

(५) न्याय परिषद्का सदस्य,

(६) संवैधानिक निकायका प्रमुख वा पदाधिकारी ।

(छ)"महाअभियोग सिफारिस समिति" भन्नाले दफा ९ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(झ) "संविधान वा कानूनको गम्भीर उल्लंघन" भन्नाले दफा ४ बमोजिमको अवस्था सम्झनु पर्छ ।

## परिच्छेद २

महाभियोगको प्रस्ताव सम्बन्धी व्यवस्था

३.**महाभियोगको प्रस्ताव पेश गर्ने आधार**: (१) राष्ट्रपति वा उपराष्ट्रपतिलाई संविधान र कानूनको गम्भीर उल्लंघन गरेको आधारमा पदबाट मुक्त गर्न निज उपर संविधानको धारा १०१ को उपधारा (१) बमोजिम महाभियोगको प्रस्ताव पेश गर्न सकिनेछ ।

(२) प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य र संवैधानिक निकायका प्रमुख वा पदाधिकारीलाई देहायका आधारमा पदबाट मुक्त गर्न निज उपर संविधानको धारा १०१ को उपधारा (२) बमोजिम महाभियोगको प्रस्ताव पेश गर्न सकिनेछः-

(क) संविधान र कानूनको गम्भीर उल्लंघन गरेमा,

(ख) कार्यक्षमताको अभाव भएमा,

(ग) खराब आचरण भएमा,

(घ) आफनो पदीय कर्तव्य ईमान्दारीपूर्वक पालना नगरेमा,वा

(ङ) आचार संहिताको गम्भीर उल्लंघन गरेमा ।

४. **संविधान वा कानूनको गम्भीर उल्लंघन गरेको मानिने** : देहायको अवस्थामा पदाधिकारीले संविधान वा कानूनको गम्भीर उल्लंघन गरेको मानिनेछः-

(क) राष्ट्रपति, उपराष्ट्रपति वा प्रधानन्यायाधीशको पदमा संविधानको धारा २८९ को उपधारा (१) को विपरित कुनै व्यक्ति राष्ट्रपति, उपराष्ट्रपति वा प्रधानन्यायाधीशको पदमा नियुक्त भएमा,

(ख) सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्को सदस्य तथा संवैधानिक निकायका प्रमुख एवं पदाधिकारीको पदमा संविधानको धारा २८९ को उपधारा (२) को प्रतिबन्धात्मक वाक्याशं विपरित कुनै व्यक्ति सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्को सदस्य तथा संवैधानिक निकायका प्रमुख एवं पदाधिकारीको पदमा नियुक्त भएमा,

(ग) कुनै पदाधिकारीले विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएको पाइएमा वा त्यसरी लिएको अनुमतिपत्र त्यागेको तीन महिनाको अवधि नपुगेको पाइएमा,

(घ) संविधान र कानूनमा उल्लेख भएका प्रावधानलाई गलत तरिकाले आफ्नो स्वार्थ वा हित अनुकूल फाइदाको लागि प्रयोग गरेमा ।

५. **कार्यक्षमताको अभाव भएको मानिने**: (१) देहायको अवस्थामा प्रधानन्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीशको कार्यक्षमताको अभाव रहेको मानिनेछः-

(क) उचित कारण बिना कानूनद्वारा निर्धारित अवधिभित्र मुद्दाको कारबाही र किनारा नगरेमा,

(ख) मुद्दामा एकै पटक गर्न सकिने आदेश वा निर्णय एकै पटक नगरी वा असान्दर्भिक वा कानून प्रतिकूल कारबाही वा आदेश गरेमा,

(ग) मुद्दाको कारबाही वा किनारा गर्दा स्वभाविक रुपमा भन्दा कम मात्रामा कार्यसम्पादन गरेमा,

(घ) मुद्दाको कारबाही वा किनारा गर्दा असान्दर्भिक कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई उपेक्षा गरी अर्कै व्याख्या वा अर्थ गरी कारबाही र किनारा गरेमा,

(ङ) एकै किसिमको कानूनी प्रश्न रहेको भिन्न भिन्न मुद्दामा भिन्न भिन्न राय कायम गरी कारबाही वा निर्णय गरेमा,

तर कुनै मुद्दामा पहिले व्यक्त गरेको राय त्रुटिपूर्ण रहेको ठानी आधार र कारण खुलाई रायमा परिवर्तन गरेकोमा यो खण्ड लागू हुने छैन ।

(च) सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको प्रतिकूल निर्णय गरेमा,

तर सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तमा एकरुपता वा निश्चितता कायम भई नसकेको अवस्थामा यो खण्ड लागू हुने छैन ।

(२) देहायका अवस्थामा न्याय परिषद्का सदस्य तथा संवैधानिक निकायका प्रमुख एवं पदाधिकारीहरुको कार्यक्षमताको अभाव भएको मानिनेछः-

(क) उचित कारण बिना कानूनद्वारा निर्धारित अवधिभित्र काम कारबाही नगरेमा,

(ख) बदनियतपूर्वक काम, कारबाही गरेमा,

(ग) कार्यसम्पादनमा हेलचक्रयाँई वा बेवास्ता गरेमा ।

६. **इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको मानिने**: देहायको अवस्थामा प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य तथा संवैधानिक निकायका प्रमुख एवं पदाधिकारीहरुले इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको मानिनेछः-

(क) आफनो जिम्मेवारी पन्छाउने वा लम्ब्याउने गरेमा,

(ख) अनुचित रूपमा प्रभाव पार्ने मनसायले कुनै काम गरेमा,

(ग) कानूनको गलत प्रयोग गरेमा ।

७. **खराब आचरण गरेको मानिने**: देहायको अवस्थामा प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य तथा संवैधानिक निकायका प्रमुख एवं पदाधिकारीहरुले खराब आचरण गरेको मानिनेछः-

(क) प्रचलित कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेमा,

(ख) बहुविवाह गरेमा,

(ग) लागू औषध सेवन गरेमा,

(घ) कार्यालय समयमा मादक पदार्थ सेवन गरेमा,

(ङ) अशिष्ट वा उच्छृङ्खल व्यवहार गरेमा,

(च) सरकारी वा सार्वजनिक सम्पत्ति वा आफूलाई प्राप्त कुनै सुविधाको दुरूपयोग गरेमा ।

८. **आचार संहिताको गम्भीर उल्लंघन गरेको मानिने**: देहायको अवस्थामा प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य तथा संवैधानिक निकायका प्रमुख एवं पदाधिकारीहरुले आचार संहिताको गम्भीर उल्लंघन गरेको मानिनेछः-

(क) आफनो पदसँग सम्बन्धित आचार संहिताको पटक पटक उल्लंघन गरेमा,

(ख) पदीय मर्यादा विपरित व्यवहार गरेमा ।

## परिच्छेद ३

## सिफारिस समिति सम्बन्धी व्यवस्था

९. **सिफारिस समिति**: (१) दफा ३ को उपदफा (२) को आधारमा प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी विरुद्ध महाभियोगको प्रस्ताव

तथा उजुरीको छानबिन गर्न, महाभियोगको सिफारिस गर्न तथा संघीय संसदबाट पेश भएको महाभियोगको प्रस्तावमा विस्तृत छानबिन गर्ने काम समेतको लागि प्रतिनिधि सभामा एक महाभियोग सिफारिस समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा जम्मा एघार जना सदस्य रहनेछन ।

(३) उपदफा (१) बमोजिमको समितिमा एकभन्दा बढी राजनीतिक दलको प्रतिनिधित्व रहने गरी सदस्यहरु रहनेछन ।

(४) उपदफा (१) बमोजिमको समितिमा रहेका सदस्यहरुमध्ये प्रतिनिधि सभाले तोकेको सदस्यले सिफारिस समितिको अध्यक्ष भई काम गर्नेछ ।

(५) सिफारिस समितिको निर्णय सर्वसम्मतिको आधारमा हुनेछ ।

(६) उपदफा (५) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा सिफारिस समितिको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट निर्णय गरिनेछ ।

(७) सिफारिस समितिले आफनो कार्यविधि आफैंले व्यवस्थित गर्न सक्नेछ ।

१०. **सिफारिस समितिको काम, कर्तब्य र अधिकारः** (१) सिफारिस समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा १२ को उपदफा (२) वा (३) बमोजिम पेश गरिएको प्रस्ताव वा उजुरी दर्ता गर्ने,

(ख) खण्ड (क) बमोजिमको प्रस्ताव प्रारम्भिक रुपमा नै दर्ता गर्न मिल्ने नदेखिएमा त्यस्तो प्रस्ताव दरपिठ गरी फिर्ता गर्ने,

(ग) दफा १३ बमोजिम प्रारम्भिक छानबिन गर्ने,

(घ) प्रारम्भिक छानबिन पश्चात त्यस्तो प्रस्ताव सिफारिस गर्ने वा तामेलीमा राख्ने,

(ङ) आरोप लागेका पदाधिकारीलाई सिफारिस समिति समक्ष उपस्थित भई सफाई पेश गर्न म्याद, सूचना वा आवश्यकता अनुसार बन्द सवाल जारी गर्ने,

(च) कुनै व्यक्ति, निकाय वा अधिकारीसँग रहेको कुनै कागजात वा प्रमाण निश्चित समयभित्र सिफारिस समिति समक्ष पेश गर्न लगाउने,

(छ) आरोप लागेको पदाधिकारीसँग बयान लिने,

(ज) सम्बद्ध तथ्यको बारेमा जानकारी भएको कुनै व्यक्ति, विशेषज्ञ, साक्षी वा अन्य व्यक्तिलाई सिफारिस समिति समक्ष उपस्थित गराई सोधपुछ गरी सोको अभिलेख राख्ने,

(झ) महाभियोग प्रस्ताव उपर निर्णय गर्ने,

(ञ) महाभियोग प्रस्ताव उपर कारबाही अघि बढाउन नपर्ने भएमा त्यस्ता उजुरी तामेलीमा राख्ने,

(ट) महाभियोग प्रस्ताव सम्बन्धी प्रतिवेदन तयार गर्ने,

(ठ) प्रतिवेदन सहितको महाभियोग प्रस्ताव सिफारिसको लागि प्रतिनिधि सभा समक्ष पेश गर्ने,

(ड) राष्ट्रपति र उपराष्ट्रपति विरुद्धको महाभियोग प्रस्ताव सिफारिसको लागि संघीय संसदको दुवै सदन समक्ष पेश गर्ने,

(ढ) महाभियोग प्रस्ताव पेश भए वा नभएको जानकारी सम्बन्धित पदाधिकारीलाई दिने,

(ण) छानबिनसँग सम्बन्धित अन्य आवश्यक कारबाही गर्ने वा गराउने ।

(२) यस दफा बमोजिम हुने छानबिनको कारबाही गोप्य रहनेछ ।

**११. सिफारिस समितिको सचिवालय र कर्मचारी** : (१) सिफारिस समितिको सचिवालय व्यवस्थापिका-संसद सचिवालयले तोकेको ठाउँमा रहनेछ ।

(२) सिफारिस समितिको लागि आवश्यक पर्ने कर्मचारी व्यवस्थापिका-संसद सचिवालयले उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सिफारिस समितिले अनुरोध गरेमा नेपाल सरकारको कुनै कर्मचारीलाई सिफारिस समितिको कामको लागि नेपाल सरकारले उपलब्ध गराउनेछ ।

## परिच्छेद-४

## महाभियोग प्रस्ताव छानबिन सम्बन्धी व्यवस्था

१२. **<u>महाअभियोगको प्रस्ताव पेश गर्न सक्ने</u>**: (१) संविधान र कानूनको गम्भीर उल्लंघन गरेको आधारमा महाभियोग लगाउन उपयुक्त छ भनी प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले राष्ट्रपति र उपराष्ट्रपति विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्नेछन ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको कुनै आधारमा पदाधिकारीलाई महाभियोग लगाउन उपयुक्त छ भनी प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यहरुले पदाधिकारी विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्नेछन ।

(३) प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य वा संवैधानिक निकायका प्रमुख एवं पदाधिकारीलाई दफा ३ को उपदफा (२) को कुनै आधारमा महाभियोग लगाउन उपयुक्त छ भनी प्रतिनिधि सभाका कम्तीमा तीन जना सदस्यबाट उजुरी प्रमाणित गराई जोसुकैले उजुरी दिन सक्नेछ ।

(३) उपदफा (३) बमोजिमको उजुरी व्यवस्थापिका-संसद सचिवालयले दर्ता गरी अभिलेख राख्नुपर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिमको महाभियोगको प्रस्ताव र उजुरी सिफारिस समिति समक्ष पेश गर्न सभामुखले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिमको महाभियोगको प्रस्ताव वा उजुरी पेश गर्न चाहने सदस्यहरुले त्यस्तो प्रस्ताव पेश गर्नुपर्नाको आधार र कारण खुलाई दफा ९ बमोजिमको सिफारिस समिति समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्रस्ताव साथ सो कुरालाई पुष्टि गर्ने सूचना, जानकारी वा प्रमाण समेत संलग्न गर्नुपर्नेछ ।

१३. **<u>प्रारम्भिक छानबिन गर्ने</u>** : (१) सिफारिस समितिले दफा १२ बमोजिम पेश भएको महाभियोगको प्रस्ताव को आधार र कारण विद्यमान भए नभएको वा उजुरी उपर कारबाही अघि बढाउन उपयुक्त भए नभएको सम्बन्धमा प्रारम्भिक रुपमा छानबिन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रारम्भिक छानबिनको काम महाभियोगको प्रस्ताव वा उजुरी सिफारिस समिति समक्ष पेश भएको एक महिनाभित्र गरी सक्नुपर्नेछ ।

(३) सिफारिस समितिले उपदफा (१) बमोजिमको प्रारम्भिक छानबिन सम्बन्धी प्रतिवेदन तयार गरी प्रतिनिधि सभा समक्ष महाभियोगको प्रस्ताव सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको प्रारम्भिक छानबिनमा देखिएका आधार र कारण समेत स्पष्ट खुलाई त्यस्तो महाभियोगको प्रस्ताव सिफारिस गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिम प्रारम्भिक छानबिन पश्चात कारबाही अघि बढाउन उपयुक्त नदेखिएमा सोको आधार र कारण खुलाई त्यस्तो प्रस्ताव वा उजुरी तामेलीमा राख्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रस्ताव वा उजुरी तामेलीमा राखेको सूचनाको जानकारी व्यवस्थापिका संसद सचिवालयलाई दिनु पर्नेछ ।

१४. **सिफारिस गर्ने**: (१) सिफारिस समितिले दफा ११ बमोजिम गरेको प्रारम्भिक छानबिन पश्चात कुनै पदाधिकारी विरुद्ध महाभियोग प्रस्ताव वा उजुरी उपर कारबाही अघि बढाउन त्यस्तो महाभियोग प्रस्तावको सिफारिस गरी प्रतिनिधि सभासमक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम महाभियोग प्रस्ताव वा उजुरीको सिफारिसमा अन्य कुराका अतिरिक्त पदाधिकारी विरुद्ध महाभियोग प्रस्ताव उपर कारबाही अघि बढाउनुपर्ने कुराको उपयुक्त आधार र कारण समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

१५. **विस्तृत छानबिनको लागि पठाउने**: (१) सभामुखले दफा १४ बमोजिम प्रतिनिधि सभा समक्ष पेश भएको सिफारिस सहितको महाभियोग प्रस्ताव विस्तृत छानबिनको लागि पुनः सिफारिस समिति समक्ष पठाउने व्यवस्था गर्नुपर्नेछ ।

(२) सभामुखले संविधानको धारा १०१ को उपधारा (१) बमोजिम राष्ट्रपति वा उपराष्ट्रपति विरुद्ध प्रतिनिधि सभा समक्ष पेश भएको महाभियोग प्रस्ताव विस्तृत छानबिनको लागि सिफारिस समिति समक्ष पठाउने व्यवस्था गर्नुपर्नेछ ।

१६. **सिफारिस गर्ने समयावधि**: (१) सिफारिस समितिले दफा १५ बमोजिम पेश भएको महाभियोग प्रस्ताव सम्बन्धमा विस्तृत छानबिन गरी एकमहिनाभित्र सो सम्बन्धी प्रतिवेदन तयार गरी प्रतिनिधि सभा समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र महाभियोगको प्रस्ताव सिफारिस नगरेमा यस ऐन बमोजिम महाभियोगको प्रस्ताव पेश भएका पदाधिकारीले स्वतः आफनो पदको कार्यसम्पादन गर्न पाउने छन ।

१७. **जानकारी दिनुपर्ने**: दफा १५ बमोजिम विस्तृत छानबिनको लागि सिफारिस समिति समक्ष प्राप्त भएको महाभियोग प्रस्ताव उपर कारबाही प्रारम्भ भएपछि सोको जानकारी तत्काल सम्बन्धित निकाय र पदाधिकारीलाई दिनुपर्नेछ ।

१८. **कार्य सम्पादन गर्न नपाउने** : प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश वा न्याय परिषदका सदस्य वा संवैधानिक निकायका प्रमुख वा पदाधिकारी विरुद्ध प्रतिनिधि सभामा महाभियोगको कारबाही प्रारम्भ भएपछि त्यस्तो कारबाहीको टुंगो नलागेसम्म त्यस्ता पदाधिकारीले आफ्नो पदको कार्य सम्पादन गर्न पाउने छैन ।

१९. **सफाइ पेश गर्ने मौका दिनुपर्ने**: (१) सिफारिस समितिले दफा १५ बमोजिम विस्तृत छानबिनको लागि महाभियोग प्रस्ताव प्राप्त भएपछि आरोपित पदाधिकारीलाई महाभियोगको प्रस्ताव पेश गर्नाको आधार र कारण खुलाई सात दिनभित्र सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सफाई पेश गर्ने मौका दिँदा अन्य कुराका अतिरिक्त देहायका कुराहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ :-

(क) आरोपित पदाधिकारीलाई कुन आधारमा पदमुक्त गर्न महाभियोगको प्रस्ताव पेश गरिएको हो सोको संक्षिप्त विवरण,

(ख) कुन आरोप कुन कुन कुरामा आधारित छ र सोको उपलब्ध भएसम्मको प्रमाण,

(ग) एकैपटक एकभन्दा बढी आरोप लगाई महाभियोग सम्बन्धी प्रस्ताव पेश गरिएको भए प्रत्येक आरोपका सम्बन्धमा खण्ड (क) र (ख) मा लेखिएका विवरण र प्रमाण,

(घ) अन्य आवश्यक कुराहरु ।

(३) उपदफा (१) बमोजिमको अवधिभित्र आरोपित पदाधिकारीले सफाइ पेश नगरेमा वा त्यस्तो सफाइ सन्तोषजनक नदेखिएमा सिफारिस समितिले आरोपित पदाधिकारीको सफाइ र अन्य प्राप्त भएसम्मका प्रमाण लगायतको मूल्याङ्कन गर्नुपर्नेछ ।

२०. **सिफारिस समितिको निर्णय**: (१) सिफारिस समितिले दफा १५ बमोजिम विस्तृत छानबिनको लागि प्राप्त महाभियोगको प्रस्ताव सम्बन्धमा दफा १९ को उपदफा (३) बमोजिम मूल्यांकन गर्दा प्राप्त भएका आधार र कारणका आधारमा निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय सिफारिस समितिले प्रमाणित गरी राख्नु पर्नेछ ।

२१. **तामेलीमा राख्ने**: (१) सिफारिस समितिले दफा २० बमोजिम आरोपित पदाधिकारी विरुद्ध महाभियोग लगाउन उपयुक्त नभएको भन्ने आधारमा निर्णय गरेमा त्यस्ता पदाधिकारी विरुद्धको महाभियोगको प्रस्ताव तामेलीमा राख्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी सम्बन्धित निकाय, पदाधिकारी र संघीय संसदलाई दिनुपर्नेछ ।

## परिच्छेद ५

### विविध

२२. **प्रतिवेदन तयार गर्नेः** (१) सिफारिस समितिले दफा २० बमोजिम निर्णय गरिसकेपछि सो कुराको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका कुराहरु उल्लेख गर्नुपर्नेछः-

(क)महाभियोगको प्रस्ताव, सूचना, जानकारी वा उजुरीको संक्षिप्त विवरण,

(ख)आरोपित पदाधिकारीको प्रतिवादको संक्षिप्त विवरण,

(ग) छानबिनको संक्षिप्त विवरण,

(घ)छानबिन गर्दा सिफारिस समितिले गरेको निर्णय,

(ङ) खण्ड (घ) बमोजिम निर्णय गर्न लिइएका आधार तथा प्रमाण,

(च) निर्णय गर्न लिइएका अन्य आवश्यक आधार र कारण ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा खुलाइएका सबै प्रमाण कागजात प्रतिवेदनसाथ संलग्न गरी पञ्जिका सहितको फाइल खडा गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको फाइलमा सिफारिस समितिको निर्णय, महाभियोगको प्रस्ताव समेतका सबै कागजातहरु संलग्न गर्नुपर्नेछ ।

२३. सिफारिस सहितको प्रस्ताव पेश गर्नेः (१) सिफारिस समितिले दफा २२ बमोजिमको प्रतिवेदन सहितको फाइल समेत संलग्न गरी राष्ट्रपति वा उपराष्ट्रपति विरुद्धको महाभियोगको प्रस्ताव संघीय संसदको दुवै सदन समक्ष र अन्य पदाधिकारी विरुद्धको महाभियोगको प्रस्ताव प्रतिनिधि सभामा सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रपति वा उपराष्ट्रपति विरुद्धको महाभियोगको प्रस्ताव संघीय संसदको दूवै सदनको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा राष्ट्रपति वा उपराष्ट्रपति विरुद्ध महाभियोगको प्रस्ताव पारित भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएका बाहेकका अन्य पदाधिकारी विरुद्धको महाभियोगको प्रस्ताव प्रतिनिधि सभाबाट तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा आरोपित पदाधिकारी विरुद्ध महाभियोगको प्रस्ताव पारित भएको मानिनेछ ।

२४. पदमुक्त हुने: दफा २३ बमोजिम राष्ट्रपति वा उपराष्ट्रपति विरुद्ध महाअभियोगको प्रस्ताव संघीय संसदको दुवै सदनको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा र अन्य पदाधिकारी विरुद्ध प्रतिनिधि सभाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएपछि त्यस्तो पदाधिकारी पदबाट मुक्त हुनेछ ।

२५. पदमुक्त भएको जानकारी गराउने: दफा २३ बमोजिम कुनै पदाधिकारी विरुद्ध महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएमा सोको जानकारी सम्बन्धित निकाय र पदाधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पदमुक्त भएको विषयको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

२६. सुविधा लिन नहुने: यस ऐन बमोजिम महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएका व्यक्तिले कुनै किसिमको सुविधा लिन पाउने छैन ।

(२) उपदफा (१) बमोजिम पदमुक्त भएको व्यक्ति भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्त वा मनोनयन हुन सक्ने छैन ।

२७. मुद्दा दायर गर्नुपर्ने: संविधान वा यस ऐन बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त भएको व्यक्तिले पदमा रहँदा कुनै कसूर गरेको भए त्यस्तो कसूरमा कानून बमोजिम मुद्दा दायर गरी कारबाही गर्नुपर्नेछ ।

२८. खारेजी : महाभियोग (कार्यविधि नियमित) गर्ने ऐन, २०५९ खारेज गरिएको छ ।

## अनुसूची- ११

## ज्येष्ठ नागरिक सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना**: ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

**१.** **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** **ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को प्रस्तावनामा संशोधन** : ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ (यस पछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेको "संरक्षण र सामाजिक सुरक्षा" भन्ने शब्दहरुको सट्टा "विशेष संरक्षण तथा सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल ऐनको दफा २ मा संशोधन** : मूल ऐनको दफा २ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) "सेवा केन्द्र" भन्नाले दफा ७क. बमोजिमको ज्येष्ठ नागरिक सेवा केन्द्र सम्झनु पर्छ ।"

**४.** **मूल ऐनको दफा ४ मा संशोधन** :मूल ऐनको दफा ४ को उपदफा (३) पछि देहायका उपदफा (३क) र (३ख) थपिएका छन्:-

"(३क) परिवारका सदस्यले ज्येष्ठ नागरिकलाई निजको इच्छा विपरित हेरचाह केन्द्रमा राख्न वा बस्न बाध्य पार्न हुदैन ।

(३ख) उपदफा (२), (३) र (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिवारको सदस्यले आफैं सँग राखी ज्येष्ठ नागरिकको उचित र पर्याप्त स्याहार सुसारको प्रबन्ध गर्न नसक्ने मनासिब कारण भएमा निजको उचित र पर्याप्त स्याहार सुसारको प्रबन्धको व्यवस्था मिलाउनेछ ।"

**५.** **मूल ऐनको दफा ५ मा संशोधन** :मूल ऐनको दफा ५ को,-

१.उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः-

"(८) उपदफा (३) वा (६) बमोजिमको आदेशको पालना सम्बन्धित व्यक्तिले गर्नुपर्नेछ ।"

२. उपदफा (८) पछि देहायका उपदफा (९), (१०), (११) र (१२) थपिएका छन्:-

"(९) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गाँउ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले उपदफा (८) बमोजिमको आदेशको पालन नगर्ने व्यक्तिलाई राज्यबाट उपलब्ध गराउने सेवा उपलब्ध गराउनबाट रोक लगाउनेछ ।

(१०) उपदफा (८) बमोजिमको आदेशको पालन नगर्ने व्यक्तिले त्यस्तो ज्येष्ठ नागरिकको सम्पत्ति भोग गरेको रहेछ भने गाँउ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले ज्येष्ठ नागरिकको नाँउमा रहेको त्यस्तो चल अचल सम्पति निजको सट्टा निजलाई हेरचाह तथा पालनपोषण गर्ने अन्य नातेदार वा हकवालालाई जिम्मा लगाउन सक्नेछ ।

(११) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि गाँउ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले ज्येष्ठ नागरिकको परिवारको सदस्य, नातेदार वा हकवालाले पालनपोषण तथा हेरचाह नगरेका वा पालन पोषण तथा हेरचाह गर्ने अन्य हकवाला वा

नातेदार नभई अलपत्र अवस्थामा रहेका ज्येष्ठ नागरिकलाई हेरचाह केन्द्रमा राखी पालनपोषण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६. **मूल ऐनमा दफा ७क. थप**: मूल ऐनको दफा ७ पछि देहायको दफा ७क.थपिएको छः-

"७क. **ज्येष्ठ नागरिक सेवा केन्द्र स्थापना र सञ्चालन**: (१) ज्येष्ठ नागरिकलाई हेरचाह र संरक्षण गर्न स्थानीय तहले ज्येष्ठ नागरिक सेवा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा केन्द्रले ज्येष्ठ नागरिकका लागि तोकिए बमोजिमका आयमूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको आयमूलक कार्यक्रममा ज्येष्ठ नागरिकलाई संलग्न गराउँदा निजको शारीरिक वा मानसिक अवस्था विचार गर्नुपर्नेछ ।

(४) सेवा केन्द्रले ज्येष्ठ नागरिकलाई उत्प्रेरित गर्ने खालका तालीम तथा ज्येष्ठ नागरिकको स्वास्थ्य र पोषण तथा उचित स्याहार सम्बन्धमा चेतनामूलक तालीम तथा गोष्ठी सञ्चालन गर्न सक्नेछ ।

(५) सेवा केन्द्रले ज्येष्ठ नागरिकलाई निजको इच्छा विपरित यस दफा अर्न्तगत सञ्चालन गरिने कार्यक्रममा जवरजस्ती संलग्न गराउनु हुदैन ।

(६) सेवा केन्द्रले केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको निर्देशन तथा जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको समन्वयमा रही काम गर्नेछ ।

(७) सेवा केन्द्रको अन्य काम, कर्तब्य र अधिकार तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।"

७. **मूल ऐनको दफा ८ मा संशोधन**: मूल ऐनको दफा ८ को उपदफा (३) झिकिएको छ ।

८. **मूल ऐनमा दफा ८क.थप**: मूल ऐनको दफा ८ पछि देहायको दफा ८क.थपिएको छः-

"८क. **दुर्व्यवहार, अपमान गर्न वा झुक्यानमा पार्न नहुने**: (१) कसैले पनि ज्येष्ठ नागरिकलाई दुर्व्यवहार गर्ने वा अपमानजनक व्यवहार गर्न वा गर्न लगाउन हुदैन ।

(२) कसैले ज्येष्ठ नागरिकको नाममा रहेको चल अचल सम्पत्ति लिने खाने उद्देश्यले वा अन्य प्रयोजनको लागि कुनै किसिमको दबाब दिई वा प्रलोभनमा पारी वा झुक्यानमा पारी सम्पत्ति लिन वा आफनो वा अरु कसैको नाममा राख्न हुदैन ।"

९. **मूल ऐनमा दफा १०क.थप**: मूल ऐनको दफा १० पछि देहायको दफा १०क.थपिएको छः-

"**१०क**. **कानूनी सहायता उपलब्ध गराउने**: (१) ज्येष्ठ नागरिकलाई प्रचलित कानूनको अधिनमा रही जिल्ला कानूनी सहायता समिति मार्फत कानूनी सहायता उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको कानूनी सहायता लिने विषयमा सेवा केन्द्रले र सेवा केन्द्र नभएकोमा स्थानीय तहले समन्वय गर्नुपर्नेछ ।"

**१०. मूल ऐनको दफा १२ मा संशोधन** : मूल ऐनको दफा १२ को उपदफा (२) पछि देहायको उपदफा ( २क) थपिएको छः-

"(२क) उपदफा (२) बमोजिम अदालतको आदेश अनुसार ज्येष्ठ नागरिकलाई हेरचाह केन्द्रमा राख्दा अन्य ज्येष्ठ नागरिकबाट अलग्गै राख्नु पर्नेछ ।"

११. **मूल ऐनको दफा १३ मा संशोधन** : मूल ऐनको दफा १३ को खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) राखिएको छः-

"(ठ१) अध्यक्ष, राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ -सदस्य"

१२. **मूल ऐनको दफा १४ मा संशोधन** : मूल ऐनको दफा १४ को खण्ड (ङ) मा रहेको "दिवा सेवा केन्द्र" भन्ने शब्दहरु पछि "सेवा केन्द्र," भन्ने शब्दहरु थपिएका छन् ।

१३. **मूल ऐनको दफा १६ मा संशोधन** : मूल ऐनको दफा १६ को खण्ड (घ) मा रहेको "दिवा सेवा केन्द्र" भन्ने शब्दहरु पछि "सेवा केन्द्र," भन्ने शब्दहरु थपिएका छन् ।

१४. **मूल ऐनको दफा २० मा संशोधन** : मूल ऐनको दफा २० को उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छः-

"(९) यस ऐन बमोजिम स्थापना वा सञ्चालन गरिने हेरचाह केन्द्र, दिवा सेवा केन्द्रको मापदण्ड तोकिए बमोजिम हुनेछ ।"

१५. **मूल ऐनमा दफा २५क. थप**: मूल ऐनको दफा २५ पछि देहायको दफा २५क. थप गरिएको छः-

"२५क. **कसूर गरेको मानिने**: कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) दफा ४ को उपदफा (३) र (३क) विपरित कसैले वा परिवारका सदस्यले ज्येष्ठ नागरिकको इच्छाविरुद्ध निजलाई अलग राखेमा वा बस्न बाध्य पारेमा वा हेरचाह केन्द्रमा राख्न वा बस्न बाध्य पारेमा,

(ख) दफा ७क. को उपदफा (५) विपरित सेवा केन्द्रले ज्येष्ठ नागरिकको इच्छा विरुद्ध कुनै कार्यक्रममा जवरजस्ती संलग्न गराएमा,

(ग) कसैले दफा ८ को उपदफा (१) विपरित ज्येष्ठ नागरिकलाई भिक्षा माग्न लगाएमा,

(घ) दफा ८ को उपदफा (२) विपरित कसैले ज्येष्ठ नागरिकको इच्छा विरुद्ध सन्यासी, भिक्षु वा फकिर बनाएमा,

(ङ) दफा ८क. को दफा (१) विपरित कसैले ज्येष्ठ नागरिकलाई दुर्व्यवहार वा अपमानजनक व्यवहार गरेमा वा गर्न लगाएमा,

(च) दफा ८क. को दफा (२) विपरित कसैले ज्येष्ठ नागरिकको नाममा रहेको चल अचल सम्पत्ति लिने खाने उद्देश्यले वा अन्य प्रयोजनको लागि कुनै किसिमको दबाब दिई वा प्रलोभनमा वा झुक्यानमा पारी सम्पत्ति लिएमा वा अरु कसैको नाममा राखेमा,

(छ) हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रका प्रमुख, सञ्चालक, कर्मचारी वा सेवा केन्द्रका कुनै कर्मचारी वा पदाधिकारी वा अन्य कुनै व्यक्तिले ज्येष्ठ नागरिकको सम्पत्ति लिने बदनियतले कुनै कार्य गरेमा ।"

१६. **मूल ऐनको दफा २६ मा संशोधन** : मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः-

"२६.**दण्ड सजायः** (१) दफा २५क. को खण्ड (क) बमोजिमको कसूर गरेमा एक महिनादेखि तीन महिनासम्म कैद वा दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा २५क. को खण्ड (ख) बमोजिमको कसूर गरेमा एक महिनादेखि तीन महिनासम्म कैद वा दश हजार रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) कसैले दफा २५क. को खण्ड (ग) बमोजिमको कसूर गरेमा तीन महिना देखि नौ महिनासम्म कैद वा तीस हजार रुपैयाँदेखि नब्बे हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(४) कसैले दफा २५क. को खण्ड (घ) बमोजिमको कसूर गरेमा एक वर्ष देखी पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(५) कसैले दफा २५क. को खण्ड (ङ) बमोजिमको कसूर गरेमा एक महिना देखि तीन महिनासम्म कैद वा दश हजार रुपैयाँदेखी तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(६) कसैले दफा २५क. को खण्ड (च) बमोजिमको कसूर गरेमा छ महिनादेखी एक वर्षसम्म कैद वा साठी हजार रुपैयाँदेखी एकलाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(७) दफा २५क. को खण्ड (छ) बमोजिम कसैले ज्येष्ठ नागरिकको सम्पत्ति लिने बदनियतले कुनै कार्य गरेमा कसूरको मात्रा अनुसार एक वर्षदेखि तीन वर्षसम्म कैद वा बिगो बमोजिम जरिवाना वा दूवै सजाय हुनेछ ।"

१७. **मूल ऐनमा दफा २६क. थपः** मूल ऐनको दफा २६ पछि देहायको दफा २६क. थप गरिएको छः-

"२६क. **थप सजाय हुनेः** (१) यस ऐन बमोजिमको कसूर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा निजलाई अन्य व्यक्तिलाई हुने सजायमा थप तीस प्रतिशत सजाय हुनेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिक विरुद्ध प्रचलित कानून बमोजिम कसूर मानिने कुनै कार्य गरेमा निजलाई प्रचलित कानूनमा व्यवस्था भएको सजायमा थप पच्चीस प्रतिशत सजाय हुनेछ ।

(३) यस ऐन बमोजिम सजाय पाएको व्यक्तिले त्यस्तो सजाय हुने कार्य पुनः गरेमा निजलाई पटकै पिच्छे थप दश प्रतिशत सजाय हुनेछ ।"

१८. **रुपान्तरः** ठाँउठाँउमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखी रुपान्तर गरिएको छः-

(क) “केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति” भन्ने शब्दहरुको सट्टा “केन्द्रीय ज्येष्ठ नागरिक संरक्षण समिति” ।

(ख) “ज्येष्ठ नागरिक कल्याण समिति” भन्ने शब्दहरुको सट्टा “ज्येष्ठ नागरिक संरक्षण समिति” ।

(ग) “ज्येष्ठ नागरिक कल्याण कोष” भन्ने शब्दहरुको सट्टा “ज्येष्ठ नागरिक संरक्षण कोष” ।

# अनुसूची- १२

## विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः वस्तु वा सेवाको उत्पादन वा वितरण सम्बन्धी विज्ञापनलाई नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस ऐनको नाम "विज्ञापन नियमन गर्ने ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले दफा ६ बमोजिमको विज्ञापन बोर्ड सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विज्ञापन" भन्नाले कुनै वस्तु वा सेवाको बजार प्रबर्द्धन वा प्रचार प्रसारको लागि शब्द, वाक्य, चित्र, संकेत, चिन्ह वा जुनसुकै किसिमको श्रब्य, दृश्य, श्रब्यदृश्य वा जुनसुकै माध्यमबाट कुनै तथ्य, सूचना एवं जानकारी प्रदान गर्ने उद्देश्यले सार्वजनिक रुपमा गराईएको जानकारी सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ९ बमोजिमको जिल्लास्तरीय समिति सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले बोर्डको सदस्य सम्झनु पर्छ र सो शब्दले बोर्डको अध्यक्ष समेतलाई जनाँउछ ।

परिच्छेद - २

विज्ञापन सम्बन्धी व्यवस्था

३. विज्ञापन गर्न सकिनेः कसैले आफूले उत्पादन वा वितरण गरेको वस्तु वा सेवाको गुण वा विशेषता समेत उल्लेख गरी वस्तु वा सेवाको प्रबर्द्धन गर्न वा उपभोक्ता समक्ष जानकारी पुर्‍याउन छापा, विद्युतीय वा अन्य जुनसुकै माध्यमबाट विज्ञापन गर्न वा गराउन सक्नेछ ।

४. विज्ञापन गर्न निषेधः दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा विज्ञापन गर्न पाइने छैनः-

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भिर खलल पुर्‍याउने,

(ख) नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान वा निशान छापको अवमूल्यन हुने,

(ग) राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने,

(घ) सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने,

(ङ) श्रमप्रति अवहेलना गर्ने, लैङ्गिक विभेद एवं जातीय छुवाछुतलाई दुरुत्साहन गर्ने,

(च) प्रचलित कानूनले निषेध गरेका विषय,

(छ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विज्ञापन गर्न निषेध गरेका विषय ।

५. विज्ञापन गर्न रोक लगाउनेः बोर्डले देहाय बमोजिमका विज्ञापन प्रकाशन वा प्रसारण गर्न रोक लगाउन सक्नेछः-

(क) धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वा वैचारिक आस्था लगायतका कुनै पनि आधारमा विभेद हुने,

(ख) गलत एवं झुट्टा सूचना सम्प्रेषण गर्ने,

(ग) उपभोक्तामा भ्रम सृजना गर्ने वा सत्यता लुकाउने,

(घ) सामाजिक मान्यता एवं संस्कारमा खलल पार्ने,

(ङ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विज्ञापन गर्न रोक लगाएका विषय ।

## परिच्छेद - ३

## विज्ञापन बोर्डको स्थापना तथा काम, कर्तब्य र अधिकार

६. **विज्ञापन बोर्डको स्थापना**ः (१) विज्ञापनको नियमन गर्नको लागि विज्ञापन बोर्डको स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको बोर्डमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन् :-

(क) सचिव, सूचना तथा सञ्चार मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय -सदस्य

(घ) विज्ञापन उत्पादन, प्रसारण र वितरण गर्ने संघ संस्था तथा उपभोक्ता हकहितसँग सम्बन्धित संघ संस्थामा आवद्ध व्यक्तिमध्येबाट कम्तीमा एकजना महिला सहित मन्त्रालयबाट मनोनीत तीनजना -सदस्य

(ङ) महानिर्देशक, सूचना विभाग -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमका मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यको काम सन्तोषजनक नदेखिएमा वा बोर्डको हित विपरित हुने कुनै काम गरेमा वा खराब आचरण भएमा नेपाल सरकारले त्यसको कारण खुलाई निजलाई जुनसुकै बखत बोर्डको सदस्यबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(६) सूचना विभागले बोर्डको सचिवालयको रुपमा काम गर्नेछ ।

७. बोर्डको बैठक र निर्णय : (१) बोर्डको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) बोर्डको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बोर्डको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) बोर्डको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) बोर्डको निर्णय बोर्डको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) बोर्डले आवश्यक देखेमा सम्बन्धित विषयका विज्ञलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. बोर्डको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विज्ञापन गर्न निषेध गर्ने विषयका सम्बन्धमा नीति तय गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) सञ्चार माध्यमबाट प्रसारण गरिने विज्ञापनको सामग्री परीक्षण गर्ने मापदण्ड तयार गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) विज्ञापन उत्पादन, प्रसारण र वितरण सम्बन्धी विषयमा उत्पादक, विज्ञापन एजेन्सी एवं सञ्चार माध्यमको आचार संहिता बनाउने,

(घ) उपभोक्ता सजगता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ङ) विज्ञापनको क्षेत्रमा उत्कृष्ठ कार्य गर्नेलाई पुरस्कृत गर्ने,

(च) विज्ञापन उत्पादक, निर्माता, वितरक वा प्रसारकलाई आवश्यक निर्देशन दिने,

(छ) दफा ४ विपरितको काम गर्ने व्यक्ति, संघ, संस्थालाई आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(ज) विज्ञापन एजेन्सीको नियमित अनुगमन गर्ने,

(झ) सम्बन्धित पक्षबाट क्षतिपूर्ति भराई दिने,

(ञ) बोर्डले दिएको आदेश वा निर्देशनको पालना नगर्नेलाई जरिवाना गर्ने,

(ट) समितिलाई आवश्यक निर्देशन दिने,

(ठ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

९. <u>जिल्लास्तरीय विज्ञापन समिति</u>:(१) जिल्ला स्तरमा विज्ञापनको नियमन गर्नको लागि प्रत्येक जिल्लामा एक जिल्लास्तरीय विज्ञापन समितिको गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहने छन् :-

(क) सहायक प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, जिल्ला सरकारी वकिल कार्यालय -सदस्य

(ग) जिल्लास्थित विज्ञापन उत्पादन, प्रसारण र वितरण गर्ने संघ संस्था तथा उपभोक्ता हकहितसँग सम्बन्धित संघ संस्थामा आवद्ध व्यक्तिमध्येबाट एकजना महिला सहित मन्त्रालयले मनोनीत गरेको दुईजना -सदस्य

(घ) अधिकृत प्रतिनिधि, जिल्ला हुलाक कार्यालय -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमका मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यको काम सन्तोषजनक नदेखिएमा वा समितिको हित विपरित हुने कुनै काम गरेमा वा खराब आचरण भएमा मन्त्रालयले त्यसको कारण खुलाई निजलाई जुनसुकै बखत समितिको सदस्यबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(६) जिल्ला हुलाक कार्यालयले समितिको सचिवालयको रुपमा काम गर्नेछ ।

१०. <u>जिल्लास्तरीय समितिको काम, कर्तव्य र अधिकार</u> : जिल्लास्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विज्ञापन उत्पादन, प्रसारण र वितरण सम्बन्धी विषयमा उत्पादक, विज्ञापन एजेन्सी, सञ्चार माध्यमलाई आचार संहिता पालना गर्न लगाउने,

(ख) उपभोक्ता सजगता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) विज्ञापन एजेन्सीको नियमित अनुगमन गर्ने,

(घ) क्षतिपूर्तिको लागि परेको उजूरी बोर्ड समक्ष पेश गर्ने,

(ङ) बोर्डले तोकेका अन्य काम गर्ने ।

११. समितिको बैठक र निर्णय : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय बोर्डको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिले आवश्यक देखेमा सम्बन्धित विषयका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ४

## विविध

१२. बैठक भत्ता : बोर्ड र समितिको बैठकमा भाग लिए वापत सदस्यले नेपाल सरकारले तोके बमोजिमको बैठक भत्ता पाउने छन् ।

१३. क्षतिपूर्ति सम्बन्धी व्यवस्था: (१) कसैले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम विपरित विज्ञापन प्रचार प्रसार गरेबाट कसैलाई कुनै किसिमको क्षति भएमा वा कुनै गम्भीर असर परेमा त्यस्तो क्षतिपूर्तिको लागि बोर्ड वा समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्ड समक्ष कुनै निवेदन परेमा बोर्डले सो निवेदन उपर छानविन गरी त्यस्तो निवेदकलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम समिति समक्ष कुनै निवेदन परेमा समितिले त्यस्तो निवेदन र सोसँग सम्बन्धित कागजात आवश्यक कारबाहीको लागि बोर्ड समक्ष पेश गर्नुपर्नेछ र त्यसरी प्राप्त भएको निवेदन उपर बोर्डले उपदफा (२) बमोजिम छानविन गरी मनासिब माफिकको क्षतिपूर्ति भराई दिन सक्नेछ ।

(४) बोर्डले उपदफा (३) बमोजिम क्षतिपूर्ति भराई दिन उपयुक्त ठहर्‍याएमा सम्बन्धित समिति मार्फत त्यस्तो क्षतिपूर्ति भराई दिनुपर्नेछ ।

१४. सजाय : (१) कसैले दफा ४ बमोजिम विज्ञापन गर्न निषेध गरेको विषयसँग सम्बन्धित विज्ञापन प्रसारण वा संप्रेषण गरेमा दश हजार रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को खण्ड (क) वा (ख) बमोजिम विज्ञापन गर्न निषेध गरेको विषयसँग सम्बन्धित विज्ञापन प्रसारण वा संप्रेषण गरेमा दश हजार रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना वा एक वर्ष छ महिनासम्म कैद वा दूवै सजाय गरी त्यस्तो विज्ञापन प्रसारण गर्न रोक लगाउन वा जफत गर्न सक्नेछ ।

(३) कसैले दफा ५ बमोजिम विज्ञापन गर्न रोक लगाएको विषय सम्बन्धी विज्ञापन प्रसारण गरेमा पाँच हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गरी त्यस्तो विज्ञापन प्रसारण वा संप्रेषण गर्न रोक लगाउन सक्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको उल्लङ्घन गरेमा वा बोर्डले दिएको आदेश वा निर्देशनको पालना नगरेमा पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(५) यस दफा अन्तर्गतको सजाय गर्नुअघि सम्बन्धित पक्षलाई आफनो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

१५. नेपाल सरकार वादी हुनेः दफा ४ को खण्ड (क) र (ख) अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ अन्तर्गत समावेश भएको मानिनेछ ।

१६. पुनरावेदनः बोर्डले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

१७. अधिकार प्रत्यायोजनः बोर्डले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समिति, उपसमिति वा अन्य कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. उपसमिति गठन गर्न सक्नेः बोर्डले आफ्नो काम कारबाहीको निमित्त आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

१९. निर्देशन दिन सक्नेः मन्त्रालयले विज्ञापन नियमन गर्ने सम्बन्धमा बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु बोर्डको कर्तब्य हुनेछ ।

२०. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य प्राप्त गर्नका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२१. मापदण्ड बनाउन सक्नेः बोर्डले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही विज्ञापनको नियमन गर्ने सम्बन्धमा आवश्यक मापदण्ड बनाउन सक्नेछ र त्यस्तो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।